जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal National Weekly
राष्ट्रिय साप्ताहिक

वर्ष ९ अंक २५, २०७७ साल फागुन २१ गते शुक्रबार, नेपाल संवत् ११४१ (March. 5, 2021) Website : www .greaternepal .com .np मूल्य रु. १० ।-

### विमानस्थलको जग्गामा फेरि विवाद

काठमाडौं । सहरका मुख्य भागका सरकारी जमिन भाडामा लिएर व्यवसाय गर्न सफल यती समूहलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको जग्गा होटल खोल्न भाडामा दिने तयारी गरिएको छ । सरकारले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल सुधारको गुरुयोजना बनाएर उक्त जग्गा होटल बनाउन यती समूहलाई दिने तयारी गरेको हो । पर्यटन मन्त्रालयका एक अधिकारीका अनुसार यतीलाई जग्गा दिने गरी मन्त्रिपरिषद्मा प्रस्ताव लैजाने तयारी भइरहेको छ । विगतमा यतीलाई जग्गा भाडामा दिने प्रयास **बाँकी ८ पेजमा**

### दोभानमा आगलागी, करोडौं क्षति

ताप्लेजुङ । मेरिङ्देन–३ खाम्लुङको दोभान बजारमा मंगलवार बिहान भएको आगलागीमा ४० करोड ५ लाख ७४ हजार रुपैयाँबराबरको क्षति भएको छ । गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत डम्बरबहादुर आङदेम्बेको संयोजकत्वमा गठित समितिले बिहीबार बिहान क्षतिको विवरण सार्वजनिक गरेको हो ।

५० वटा घर पूर्ण रूपमा जलेको र तिनका धरधनी तथा डेरावालसहित ६३ परिवार विस्थापित भएको विवरणमा उल्लेख छ । आगलागीबाट १ करोड ६० लाख रुपैयाँ नगदै जलेको पाइएको आङदेम्बेले बताए । उनका अनुसार विस्थापित हुनेमा १ **बाँकी ८ पेजमा**

# नेपालको राजनीतिक खिचातानी र विवादको भुमरी

सर्वोच्चको फैसलाले १३ दिनभित्र संसद् बैठक बोलाएर संसदीय गतिविधि सञ्चालन गर्नुपर्ने परमादेशसँगै अब प्रधानमन्त्रीले राष्ट्रपतिसमक्ष संसद् अधिवेशन बोलाउन सिफारिस गर्नुपर्नेछ । उल्लेखित समयसीमाभित्रमा संसद् अधिवेशन बोलाई हाउसले गतिविधि सञ्चालन गर्ने वातावरण सिर्जना भएको छ । सर्वोच्च अदालतले मंगलबार १३ दिनभित्र संसद् बोलाउन आदेश दिएसँगै सरकारले २३ फागुनमा अधिवेशन बोलाउन सिफारिस गरिसकेको छ । यस अर्थमा कांग्रेसलाई संसद् सुचारु नहुँदासम्म अनिर्णीत भएर बस्ने सुविधा छ । तर, अविश्वासको प्रस्ताव टेबल हुने अवस्थामा कांग्रेसलाई ठोस निर्णय लिनुपर्ने बाध्यता छ । संसद् सचिवालयमा दर्ता भएको अविश्वासको प्रस्तावको वैधानिकता अझै स्पष्ट भएको छैन ।

झन्डै दुई तिहाइ बहुमत प्राप्त सत्तारूढ नेकपा अहिले विखण्डित भएको छ । पुष्पकमल दाहाल, माधवकुमार नेपाल र झलनाथ खनाल समूह सत्ता बाहिर छ भने प्रधानमन्त्री केपी शर्मा ओली समूह सत्तामा छ । साबिकमा रहेको बहुमतकै आधारमा आफ्नो समूहले दलीय मान्यता पाउनुपर्ने भन्ने दुवै समूहको दाबीउपरको निर्णय गर्ने अधिकार निर्वाचन आयोगलाई भए पनि आयोगले यसबारेमा अहिलेसम्म निर्णय गरेको छैन । सम्भवतः यो निर्णय निर्वाचन आयोगको निम्ति फलामै चिउरा बनेको छ । कुन समूहले के आधारमा दलीय मान्यता पाउने तथा कुन समूहले के कारणले दलीय मान्यता नपाउने ? भन्ने कुरा सम्बन्धित ऐन कानुनले स्पष्ट बताएकै छ । यस सन्दर्भमा आयोगले कानुनको मौन भाषालाई दुवै समूहले सुन्ने गरी उद्घोष गर्ने मात्रै हो । तर, त्यही कुरा निर्वाचन आयोगले उजागर गर्न सकेको छैन । बिखण्डित दुई समूहकै समानुपातिक प्रभावले निर्वाचन आयोग अनिर्णयको बन्दी बन्न पुग्यो । यो पनि राजनीतिक शक्तिकै प्रभाव हो ।

नेपाल अहिले विचित्रको राजनीतिक स्थितिमा छ। पुस ४ गतेदेखि संसदको हिउँदे अधिवेशन सुरु भएको छ, तर संसद चलेको छैन। प्रतिपक्षको विरोध वा



अवरोधको कारण नभई प्रतिनिधिसभाको सभामुख पद रिक्त हुनाले संसदको कार्यविधि अगाडि बढेको छैन। सत्तारुढ दलभित्रको उकुस-मुकुसले गर्दा सभामुख चयन भएको छैन।

सत्तारुढ दलको नेतृत्व दुईमुखे हुनु, अध्यक्षद्वयको प्राथमिकताका साथै मनस्थिति फरक हुनु सभामुख चयन प्रक्रिया रोकिनुको मुख्य कारण हो। अध्यक्षद्वय बीचको हठयुद्धले विधायिका सञ्चालन रोकिनु, कानुन निर्माण प्रक्रियामा जनप्रतिनिधिहरूको संलग्नता न्यून गरी आफ्नो स्वार्थ अनुकूल कानुन निर्माण गर्न खोज्नु लोकतान्त्रिक पद्धति विपरीतको आचरण हुन्छ। दलभित्रको कचिंगलबाट संसद र सरकार सञ्चालन प्रक्रिया प्रभावित हुनु उपयुक्त होइन। तर अध्यक्षद्वय बीचको स्वार्थगत टकरावले भने नेकपा एमाले र माओवादी केन्द्रको पार्टीगत एकता र एकीकरण कति कृत्रिम धरातलमा ठडिएको रहेछ भन्ने पुष्टि हुन्छ। सत्ता भागबन्डाको आधारमा दुई दलबीच एकताको स्वाङ रचिए पनि अहिले सभामुखबारे उठेको प्रश्न र मतभेदले पूर्वएमाले र पूर्वमाओवादी बीचको वास्तविकता छर्लंग्याएको छ।

अति महत्वाकांक्षी तर रोगग्रस्त उपचाररत नेकपा अध्यक्ष र प्रधानमन्त्री केपी शर्मा ओली र अहम् र अस्तित्वको निम्ति आफ्ना दलका सहकर्मीहरूलाई समेत खेताला बनाउन समर्थ नेकपाका अर्का अध्यक्ष प्रचण्डले आफ्नो राजनीतिक जीवनमा बटुलेको अनुभव र अडान बिर्सेर जुन प्रवृत्तिगत राजनीतिक संरचनाको निम्ति परस्पर हानथाप गरिरहेका छन्, त्यसले राज्य व्यवस्थामै अक्षम्य क्षति पुऱ्याउँदैछ।

प्रधानमन्त्री ओलीले प्रतिनिधिसभाको सभामुख आफू अनुकूलको व्यक्ति हुनुपर्ने जिकिर गर्नुको कारण सबैले बुझेका छन्। उनी निर्बाध संसद र सरकार चलाउन चाहन्छन्। पूर्व एमालेको बहुमत र समर्थन रहेको दल, संसद र सरकारमा एकाधिकार जमाएपछि लोकतन्त्रको अभिष्ट विपरीत व्यक्तिको वर्चस्व कायम सत्तामा निरन्तर रहन उनी कटिबद्ध छन्। त्यसैले उनी शासकीय निजत्वको निम्ति पनि साना-ठूला अवरोधहरू पन्छाउन चाहन्छन्। ओलीले नेकपा दल र आफ्नो नेतृत्वको सरकारमात्र नभई आफ्नो महत्त्वाकांक्षा अनुरुप राष्ट्रिय संरचनाको समेत निजीकरण आफ्ना अनुचरहरूलाई राष्ट्रिय सुरक्षा परिषदको बैठकमा अनधिकृत तवरबाट उपस्थित गराएर संकेत गरेका छन्। सेनाध्यक्ष समेत सदस्य र सहभागी हुने संवेदनशील बैठकमा सेना प्रतिक्रियाहीन हुनु विष्मयकै विषय भएको छ। ओलीले सर्वसत्तावादी नियत र रणनीति अनुरुप अन्य संवैधानिक अंगहरूमा जसरी आफ्नो पकड र प्रभाव फैलाउँदै लगेका छन्, त्यसको एउटै परिणाम लोकतन्त्रको विलय हुनेछ। उनको यो महत्वाकांक्षालाई पुट दिने बाहेक रोक्ने साहस अझै कतैबाट भएको छैन। पार्टीका अर्का अध्यक्ष प्रचण्ड पनि त्यही 'खेतको मूली' हुन्।

यही आचरण प्रतिपक्षी दल नेपाली कांग्रेसका पदासिनहरूमा पनि देखिएको छ। कांग्रेसका सभापति र सत्तारुढ दलका अध्यक्ष र सरकार प्रमुखको आडम्बर, अहंकार **बाँकी ८ पेजमा**

## चन्द समूह फुकुवा, तीन बुँदे सहमति

काठमाडौं । सरकार र नेत्रविक्रम चन्द समूहसँग बिहीबार ३ बुँदे सहमति भएको छ । बुधबार दुई चरण र बिहीबार बिहानको वार्तापछि ३ बुँदे सहमतिपत्रमा हस्ताक्षर भएको हो । सहमतिपत्रका सरकारी वार्ता टोलीका संयोजक गृहमन्त्री रामबहादुर थापा र नेकपाका तर्फबाट प्रवक्ता खड्गबहादुर विश्वकर्माले हस्ताक्षर गरेका छन् ।

सहमतिको विस्तृत विवरण आज आयोजना हुने विशेष कार्यक्रममा सार्वजनिक गरिने बताइएको छ । सहमतिमा चन्द समूहले आफ्ना हिंसात्मक प्रदर्शन रोक्दै शान्तिपूर्ण रुपमा राजनीतिक क्रियाकलापहरू अगाडि बढाउने उल्लेख भएको संयुक्त विज्ञप्तिमा जनाइएको छ । त्यस्तै चन्द समूहमाथि लगाइएको प्रतिबन्ध र उक्त समूहका नेता कार्यकर्ता रिहाइ गर्ने तथा मुद्दा खारेज गर्ने पनि सहमतिमा उल्लेख छ ।

विज्ञप्तिमा भनिएको छ, 'उक्त



सहमतिमा नेपाल कम्युनिस्ट पार्टीले आफ्ना सम्पूर्ण राजनीतिक विषयहरूको समाधान सम्वादका माध्यमबाट गर्ने, आफ्ना सम्पूर्ण राजनीतिक क्रियाकलापहरू शान्तिपूर्ण रुपमा सञ्चालन गर्ने र नेपाल सरकारका तर्फबाट लगाइएको नेपाल कम्युनिस्ट पार्टीमाथिको प्रतिबन्ध हटाउने, सम्पूर्ण बन्दीको रिहाइ र मुद्दा खारेजी लगायत विषयहरू रहेका छन् ।'

सहमतिमा 'नेपाल कम्युनिस्ट पार्टीले आफ्ना सम्पूर्ण राजनीतिक विषयको समाधान संवादका माध्यमबाट गर्ने, आफ्ना सम्पूर्ण राजनीतिक क्रियाकलाप शान्तिपूर्ण रूपमा **बाँकी ८ पेजमा**

## कांग्रेस सत्तामा जाने नजानेबारे मत विभाजन

काठमाडौं । नेपाली कांग्रेसले पार्टी सभापति शेरबहादुर देउवा निवास बुढानिलकण्ठमा बिहीबार पार्टीको बैठक गरेको छ । बैठकमा फागुन २३ गते प्रतिनिधि सभा बैठक बोलाइएकाले समसामयिक राजनीतिक घटनाक्रम, संसद् र संसदीय दलमा के एजेण्डा लिएर जाने भन्ने विषयमा छलफल केन्द्रित हुने बुढानिलकण्ठ स्रोतले जनाएको छ ।

संसदमा पार्टीले निर्वाह गर्ने भूमिकाबारे छलफल गर्न शुक्रबार कांग्रेस संसदीय दलको बैठक बोलाइएको छ । बुधबार कांग्रेसले जुनसुकै बेला उपलब्ध हुनुपर्ने भन्दै सांसदहरूलाई काठमाडौंमै रहन निर्देशन दिएको थियो । कांग्रेस संसदीय दलका मुख्य सचेतक बालकृष्ण खाँडले अनौपचारिक रुपमै काठमाडौं बाहिर नजान र नगइ हुने अवस्था भए परामर्श गर्न सांसदहरूलाई खबर गरेका हुन् ।

सरकारमा जाने कि नजाने भनेर कांग्रेसमा दुई धार देखिएको छ। पार्टी



सभापति शेरबहादुर देउवा र वरिष्ठ नेता रामचन्द्र पौडेलले एकै मञ्चबाट फरक-फरक धारणा अभिव्यक्त गरेका छन्। सभापति देउवा सरकारको नेतृत्व गर्नुपर्ने अवस्थामा त्यसबाट भाग्न नहुने पक्षमा देखिएका छन् भने प्रतिपक्षमै रहेर अगाडि बढ्नुपर्ने पक्षमा देखिएका छन् वरिष्ठ नेता पौडेल ।सत्तारूढ नेपाल कम्युनिस्ट पार्टी (नेकपा) दुई समूहमा बाँडिएपछि नेपाली कांग्रेस आगामी दिनमा नयाँ सरकार गठनका लागि सत्ताको साँचो बन्ने देखिएको छ। दुई समूहमा बाँडिएको नेकपा कानुनी रूपमै विभाजित भएको अवस्थामा कांग्रेस नयाँ सरकार गठनका लागि मुख्य भूमिकामा पुग्नेछ। नेकपाभित्रको आन्तरिक विवाद कसरी अघि बढ्छ, स्पष्ट भइनसके पनि कांग्रेसभित्रको सत्ता राजनीतिले पार्टीका शीर्ष नेताहरू सरकारमा सहभागिताको पक्ष-विपक्षमा उभिएका छन ।

नेकपाभित्रको आन्तरिक विवाद दुई वर्षअघि जस्तै अचानक एकतामा परिणत भए कांग्रेस फेरि पनि कमजोर प्रतिपक्षीको भूमिकामा रहनेछ। तर कांग्रेसको १४औं महाधिवेशनबाट नेतृत्वमा पुग्ने र टिकिराख्ने रणनीतिका कारण शीर्ष नेताहरू अहिले नै सरकारमा सहभागिताबारे पक्ष- विपक्षमा देखिएका छन् ।

नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले असहज अवस्थाबाट गुज्रिरहेको मुलुकलाई निकास दिन नेपाली कांग्रेस तयार रहेको बताएका छन्। सत्ता सञ्चालन कसरी गर्ने भन्ने विषयमा नेकपाभित्रको आन्तरिक विवादका कारण सिंगो मुलुक नै अनिर्णयको बन्दी बन्न पुगेको र राजनीतिक **बाँकी ८ पेजमा**

### म्यान्मारमा आतंक

काठमाडौं । म्यान्मारमा सैनिक सरकारको विरोधमा बुधबार गरिएको प्रदर्शनमा सुरक्षाकर्मीले गोली चलाउँदा कम्तीमा ३८ जना मारिएका छन् । मृतकको संख्या स्वतन्त्र रुपले पुष्टि नभएकाले अझ बढ्न सक्ने बताइएको छ ।

करिब एक महिनाअगाडि सेनाले 'कु'मार्फत सत्ता हत्याएपछि बुधबारको प्रदर्शनमा सुरक्षाकर्मीले व्यापक दमन गरेको हो । म्यानमारका लागि संयुक्त राष्ट्रसंघकी दूत क्रिस्टिन श्नेनरले विभत्स दृश्यहरू सार्वजनिक भइरहेको बताएकी छिन् । प्रत्यक्षदर्शीका अनुसार सुरक्षाकर्मीले प्रदर्शनकारीमाथि खुलेआम गोली चलाइरहेका छन् ।

म्यान्मारमा फेब्रुअरी १ को सैनिक 'कु' विरुद्ध हजारौं लोकतन्त्र पक्षधरहरूले दिनहुँ प्रदर्शन गर्दै आएका छन् । उनीहरूले लोतन्त्रवादी नेतृ **बाँकी ८ पेजमा**

### मालेद्वारा वार्ताको स्वागत

काठमाडौं । नेकपा मालेले नेपाल सरकार र विप्लव नेतृत्वको प्रतिबन्धित नेपाल कम्युनिष्ट पार्टीबीच भएको तीन बुँदे सहमतिको एक विज्ञप्ति प्रकाशित गरी स्वागत गरेको छ । साथै ताप्लेजुङको दोभान बजारमा आगलागीबाट भएको अपूरणीय क्षतिप्रति दुःख व्यक्त गरेको छ । पार्टीद्वारा जारी विज्ञप्तिमा भनिएको छ-नेपाल सरकार र विप्लव नेतृत्वको प्रतिबन्धित नेपाल कम्युनिष्ट पार्टीबीच आज बिहान तीन बुँदे **बाँकी ८ पेजमा**

### बेलायती राजदूतमा रेग्मी

काठमाडौं । बेलायतका लागि नवनियुक्त नेपाली राजदूत लोकदर्शन रेग्मीले पदबहाली गरेका छन् । हालै चारवर्षे कार्यकाल सकेर नेपाल फर्किएका निवर्तमान राजदूत दुर्गाबहादुर सुवेदीको ठाउँमा आएका रेग्मी संयुक्त अधिराज्यका लागि २१ औं राजदूत हुन् । रेग्मीले वन मन्त्रालयमा उपसचिव, अर्थ मन्त्रालयमा सहसचिव, भूमिसुधार मन्त्रालयमा सचिव र मुख्यसचिव समेत भई काम गरेका थिए ।

## ३३ महिनामा ७८० विरुद्ध मुद्दा

काठमाडौं । राजस्व अनुसन्धान विभाग राजस्व चुहावट तथा आर्थिक अपराधविरुद्ध दरिलो रूपमा उभिएको छ । ३३ महिनामा दुई सय २० मुद्दामा सात सय ८० जना विरुद्ध राजस्व अपचलनतर्फ ३६ अर्ब ३१ करोड रूपैयाँ बराबरको बिगो दाबी गर्दै मुद्दा दायर गरेको विभागका महानिर्देशक दीर्घराज मैनालीले बताए । विभागले राजस्व छली तथा आर्थिक अपराधका जोखिमयुक्त क्षेत्रमा अनुसन्धान गरेर मुद्दा दायर गरेको हो ।

विदेशी विनिमय अपचलनतर्फ १० अर्ब ७२ करोड बिगो माग दाबी सहित चार सय ४० जनाविरुद्ध मुद्दा चलाइएको मैनालीले बताए । सात अर्बभन्दा बढी बिगो रहेको राजस्व अपचलनको १७ वटा मुद्दा भने **बाँकी ८ पेजमा**

## आयतमा कमी निर्यातमा वृद्धि

काठमाडौं । गत महिनासम्म आयातमा कमी र निर्यातमा बढी रहे पनि माघ महिनासम्ममा आयातले गत वर्षकै लय समाएको छ भने निर्यात ७ प्रतिशतले बढेको छ ।

भन्सार विभागले सार्वजनिक गरेको चालू आर्थिक वर्षको ७ महिनाको प्रगति प्रतिवेदनअनुसार यस अवधिमा ८ खर्ब ३ अर्ब ६४ करोड ३१ लाख ९२ हजार रुपैयाँको आयात भएको छ । गत वर्षको सात महिनामा पनि सोहीबराबरको सामग्री नेपालमा आयात भएको थियो । चालू आर्थिक वर्षको साउनदेखि माघसम्मको ७ महिनामा ६९ अर्ब ९१ करोड ७० लाख ८० हजार रुपैयाँबराबरको निर्यात भएको छ । यो गत वर्षको सोही अवधिको तुलनामा ७ दशमलव ६१ प्रतिशतले बढी हो । गत वर्ष ६४ अर्ब ९७ करोडको मात्र निर्यात भएको थियो ।

प्रतिवेदनअनुसार यो वर्ष गत वर्षको तुलनामा व्यापार **बाँकी ८ पेजमा**

## भ्रष्टाचारका नायकहरूको नालीबेली-३

**समय सन्दर्भ**

**पीपी सुवेदी**

सरकारमा पुग्नासाथ ठूलठूला आम्दानी हुने मन्त्रालय खोजेर करोडौं रूपैयाँ सोहोर्न खोजेका प्रधानमन्त्री र मन्त्रीहरूले गृह, अर्थ, भौतिक योजना, जलस्रोत, सञ्चार र वाम मन्त्रालय जस्ता ठाउँ रोजेर करोडौंको ठेक्कापट्टा र कमिसनमा हात हाल्ने गरेको पाइएको छ । २०५२ सालमा माओवादीले विद्रोह सुरु गरेपछि गृहमन्त्रीले हरेक महिना २० लाखभन्दा बढी सुराकी खर्च लिएर भ्रष्टाचार गर्थे । कसैलाई हिसाबकिताब देखाउनु नपर्ने यस्तो खर्च गर्दा गृहमन्त्रीले आफ्ना नातागोता र कार्यकर्तालाई पैसा बाँड्ने गरेको गृहमन्त्रालयकै कर्मचारीहरू बताउँछन् । यस्तै गृहमन्त्रीले आर्थिक सहायता र चन्दा पुरस्कारका नाममा हरेक वर्ष करोडौं रूपैयाँ बाँड्ने गरेका छन् । पञ्चायतकालदेखि चलेको यो



चलन झन् झन् बढ्दै गयो ।

संयुक्त राष्ट्रसंघको बडापत्र भाग ४ को धारा २ मा राष्ट्रसंघको महासभामा भाग लिन १० जनाभन्दा बढी प्रतिनिधि पठाउन नपाइने उल्लेख छ तर नेपालबाट राष्ट्रसंघमा जाँदा २३-२४ जना समेत जाने गरेको पाइएको छ । अमेरिका घुम्ने ठूलो अवसरका रूपमा प्रधानमन्त्रीको नेतृत्वमा जाने यस्तो टोलीमा भाग लिन पाउनु नोबेल पुरस्कार पाउनु जस्तै गौरवको कुरा मानिन्छ । अमेरिका पुगेपछि रण्डी, रक्सी, डिस्को र रमाइलोमा अलमलिने अधिकांश प्रतिनिधिहरू राष्ट्रसंघको भवन नै नदेखी फर्किन्छन् ।

राष्ट्रको ढुकुटी रित्याउने खेलमा राजादेखि पियनसम्म सबै लागे । राजा ज्ञानेन्द्रले प्रत्यक्ष शासन गर्दा आफ्नो तलबभत्ता १० गुना बढाए । अरबौंको सम्पत्ति भएकी काकी हेलेन शाहलाई उपचारका लागि भन्दै एक करोड २० लाख रूपैयाँ चन्दा दिए । सिटामोल खान नपाउने जनता एकातिर छटपटाइरहेका थिए भने अर्कातिर राजा करोडौं राजस्व खर्च गरेर बिनाकारण देश विदेश घुमिरहेका थिए । खोकी नलागे पनि बिरामी भएको बहाना गरेर नक्कली बिल बनाउँदै सरकारबाट औषधि उपचार खर्च लिने व्यक्तिहरूको नाम निकै लामो हुन सक्छ । रघुजी पन्तले सांसद छँदा श्रीमतीका नाममा उपचार खर्च भन्दै एक लाख रूपैयाँ लिएर दशैं मनाए भने ललितपुरका एमाले नेता मिठाराम बजगाईले ५० हजार रूपैयाँ सरकारबाट उपचार खर्च लिएर बेस्सरी जाँड धोके । जाँडरक्सी र मोजमस्तीमा बानी परेका विनोदकुमार शाहले **बाँकी ८ पेजमा**




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाई

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सहसम्पादक
घनश्याम ओली

बजार व्यवस्थापन
रामशरण रिमाल

सम्पादन सहयोगी
गोविन्द विक

**आजीवन सल्लाहकार**

योगाचार्य वासुदेव ढकाल, डा. द्वारिकानाथ ढुंगेल, प्रा.डा. चन्द्रबहादुर जोशी, प्रा.डा. तुलसी पाठक, प्रा.डा. पार्थिवेश्वर तिमिल्सिना, प्रा.डा. नोवेलकिशोर राई, प्रा.डा. मुकुन्द रञ्जित, श्री बुद्धिनारायण श्रेष्ठ, श्री घनश्याम राजकर्णिकार, प्रा.डा. त्रिविक्रम भट्टराई, श्री युवराज भुसाल, डा. रोशना श्रेष्ठ, ई.श्री नरेन्द्रभूपाल मल्ल श्री सुष्मा वज्र(ाचार्य, ई. ध्रुव थापा, श्री उर्मिला जोशी, श्री वीरेन्द्रकुमार सिंह, श्री माधवप्रसाद उपाध्याय ढुंगेल, श्री खगेन्द्र ढकाल, डा. रीता सिंह (हमाल), श्री योगेन्द्रनाथ सुवेदी, श्री सम्झना पोखरेल (शाह), श्री कञ्चनमणि दीक्षित, श्री कृष्णहरि बाँस्कोटा, श्री प्रकाश शर्मा, डा. नर्बदा थापा, डा. शंकरप्रसाद सुरी, प्रा.डा. भरत पहारी, श्री सुनिता खनाल (प्याकुरेल) आ. रूपेश श्रेष्ठ

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

## सम्पादकीय

# मेलम्चीको सपना पूरा हुने संकेत

यतिखेर सबैभन्दा बढी चर्चामा रहेको मेलम्ची खानेपानी आयोजनाको काम अन्तिम चरणमा पुगेको खबरले विशेषगरी राजधानीवासीलाई हर्षित तुल्याएको छ । राजनीतिक अन्यौल र अस्थिरताबाट निराश बनेका जनतालाई विकास निर्माणको क्षेत्रमा पछिल्ला दिनमा देखिएको प्रगतिले थोरै भए पनि आशा जगाएको छ । घोषणा भएको तीन दशकपछि मेलम्चीको पानी राजधानी आउने करिब–करिब पक्का भएको छ । लामो समयदेखि अलपत्र औद्योगिक क्षेत्र स्थापना प्रक्रिया पनि सुरू भएको छ । सबै प्रदेशमा एकैपटक यो कार्यक्रम अभियानका रूपमा चलेको छ । विकास निर्माणको क्रममा देखिने भ्रष्टाचार, अनियमितता तथा कछुवा शैलीबाट दिक्क भएका नागरिकलाई यस्ता गतिविधिले खुसी बनाउनु स्वाभाविक हो। यही शैलीमा विकास निर्माणको काम अघि बढ्यो भने सरकारले भन्दै आएको समृद्ध नेपाल सुखी नेपालीको नाराले समेत मूर्तरूप पाउनेछ।

पटक–पटक भाका सार्दै अहिलेको अवस्थामा ल्याइएको आयोजनाको बाँधबाट सुरूङ मार्गमा पानी छिराइएको छ । परीक्षणका लागि गरिएको भए पनि यो काम सफल भएकाले पिउने पानी अभावमा काकाकुल बनेका राजधानीवासीलाई हर्षित बनाएको हो । संघीय राजधानी रहेको सहरमा खानेपानीको अभावमा कष्टकर जीवन बिताउनुपर्ने अवस्थाको ढिलै भए पनि अन्त्य हुने प्रक्रियामा जानु सुखद हो। कुनै प्राविधिक अवरोध नआएमा अबको तीन महिनाभित्रमा उपत्यकावासीले मेलम्चीको पानी पिउन पाउनेछन्। मेलम्ची आयोजना सफल हुनु भनेको विकासको दृष्टिले मुलुकले ठूलो फट्को मार्नु हो।

उपत्यकामा दैनिक ३७ करोड लिटर खानेपानीको माग छ। मेलम्चीबाट मात्रै १७ करोड लिटर पानी दैनिक उपत्यका भित्रिनेछ। अन्य स्रोतबाट पनि दैनिक ८ करोड लिटरजति पानी संकलन हुने गरेको छ। हाल आपूर्ति भइरहेको भन्दा दोब्बर परिणाममा पानी भित्रिएपछि उपत्यकावासीमा खानेपानीको समस्या टर्नेछ। तर जनसंख्या वृद्धिदर उच्च रहेकाले खानेपानीको माग अझै बढ्न सक्ने भएकाले त्यसतर्फ सरोकारवालाले अध्ययन थालिहाल्नुपर्छ। मेलम्चीको पानीको पहुँच नपुग्ने राजधानीकै अन्य वस्तीहरूमा देखिएको पिउने पानीको समस्या समाधानका लागि पनि छलफल हुनुपर्छ। मेलम्ची आयोजना सफल भएपछि सरकारले घोषणा गरेको राष्ट्रिय गौरवका अन्य आयोजनालाई पनि तोकिएको समयमै सम्पन्न गर्नुपर्ने दबाब पुग्छ। आयोजनाका ठेकेदार तथा यसमा संलग्न अन्य पक्षलाई पनि यसले तातो लगाउनेछ। यसले अन्ततः मुलुक र जनतालाई नै लाभ पुग्नेछ। सोमबार मात्रै शिलान्यास भएको मुलुकका विभिन्न भेगमा औद्योगिक क्षेत्र स्थापनाका प्रक्रियालाई ढिलासुस्ती नगरि सञ्चालन गरिनुपर्छ। यसअघि नै निर्माण सुरू भइसकेको अन्तर्राष्ट्रिय विमानास्थल, हुलाकी राजमार्ग, पुष्पलाल लोकमार्ग, द्रुतमार्गलगायतका आयोजनाको कामलाई पनि तीव्रता दिनुपर्छ।

मेलम्ची खानेपानी आयोजनाको सुरूङमा दोस्रोपटक पानी पथान्तरणसँगै लामो समयदेखि पर्खाइमा रहेको मेलम्ची खानेपानी अबका दुई महिनाभित्र काठमाडौंमा आउने आयोजनाले जनाएको छ । यसले काठमाडौंमा काकाकुल रहेको जनसंख्याले सफा पानी पिउन अब धेरै लामो समय कुर्नु नपर्ने भएको छ । बहुचर्चित राष्ट्रिय गौरवको आयोजनासमेत रहेको मेलम्ची खानेपानीको सुरूङमा पहिलोपटक पानी पठाएर पथान्तरण गर्न खोज्दा मूलढोका नै भत्किएपछि यसले कर्मचारीको ज्यानसमेत लिएको थियो । त्यतिबेला यसले राजधानी सहरवासीमा निकै नमीठो सन्देश दिनुका साथै मेलम्चीको पानी आश्वासन मात्र हो कि भन्ने गराएको पनि थियो । तर, मेलम्ची खानेपानी आयोजनाले सोमबार दोस्रोपटक सुरूङमार्गमा पानी पथान्तरण गरी सफल परीक्षण गरेसँगै अबका दुई महिनाभित्र काठमाडौंमा पानी आउने सुनिश्चितजस्तै भएको छ ।

काठमाडौंमा मेलम्ची खानेपानीको आपूर्ति केवल नारा मात्र भएको र यसले सार्थकता नपाउने विषयमा चर्चा पनि निकै भए । यस विषयलाई लिएर राजनीति पनि भए, झडप पनि भए । तर, अहिले मेलम्ची खानेपानीको विषय व्यवहारमा परिणत भइसकेको छ । यो कार्यान्वयनमा आइसकेको छ । यसले अब विगतको लामो पर्खाइको तीतो मेटाउन धेरै दिन बाँकी छैन । त्यसपछिका दिनमा आवश्यक पानीको मात्रा पुगे नपुगेको कुरा हुन सक्ला तर मेलम्चीको पानी नै नआएको कुरा हुने छैन । सरकारले राष्ट्रिय गौरवका आयोजनालाई निकै तीव्रतामा अघि बढाउने प्रयास गरिरहेका बेला मेलम्ची पनि पहिलो प्राथमितामा रहेकाले काकाकुल काठमाडौंवासीले छिट्टै सफा पानी खान पाउनेछन् । अब भने विगतको जस्तो गलत प्रवृत्ति दोहारिएर मेलम्ची सपना अपुरो हुने अवस्था आउन दिनुहुँदैन ।

# नेता भनाउँदाहरूले यो बुझ्नु जरुरी छ



**सुरेन्द्र ढकाल**

आफ्नै सरकारलाई आफ्नै दलले काम गर्न नदिइ घेराबन्दीमा पारेको कारण ओलीले बाध्य भएर संसद विघटन गर्नु परेको बताउँदै मोरङको आमसभामा सुवास नेम्बाङले त्यसको उदाहरण संसदमा आफ्नै सांसदहरूले एमसिसि प्रस्ताव टेवल गर्न नदिएको दलिल पेस गरे । अदालतको फैसलासँगै अब सरकारमा जान पाइने सम्भावना देखिएपछि झलनाथ, झाँक्रीलगायत माधव-प्रचण्ड गुटका अन्य केही नेताहरू एमसिसिको पक्षमा क्रमशः उभिन थालेका छन् । भीम रावल चुप छन् । प्रचण्डले त एमसिसिको विपक्षमा नारा नलगाउन सडकमै आफ्ना कार्यकर्ताहरूलाई आदेश दिएको सामाजिक संजालमा राम्रै देखिएको थियो ।

अमेरिकाले एमसिसि कुनै हालतमा संसोधन हुँदैन भनिसकेको अवस्था छ । यस्तै कारण श्रीलंका सरकारले एमसिसि वहिष्कार गरेको हो । शर्तहरू संसोधन हुन्थ्यो भने त्यही बाटो श्रीलंकाले पनि रोज्थ्यो होला । अमेरिकाको हठकै कारण श्रीलंकाले एमसिसि नलिने घोषणा गऱ्यो । राष्ट्रिय स्वतन्त्रता र स्वाधीनता सबै देशभक्तका लागि उत्तिकै प्यारो हुन्छ । माधव-प्रचण्ड गुटभित्र पहिले सबै

**ओली छोडी प्रचण्ड अनि माधवतर्फ आउँदा एमसिसि अनुमोदन हुने स्थिति आएमा भीम रावल, देव गुरूङ अनि लिलामणीहरू चुप लागेर बस्लान् त ? यही एमसिसिको कारण हिजो ओलीले गैरसंवैधानिक कार्य गरी संसद भंग गर्दा ओली गुटबाहेक त्यो कदमको स्वागत गर्ने कोही देखिएन ।**

एमसिसिको विपक्षमा भए पनि अहिले त्यहाँ एमसिसि चाहने र नचाहने गरी दुई गुट विस्तारै देखिन थालेको छ ।

शेरबहादुर देउवा एमसिसिका कट्टर पक्षधर हुन् । यिनै शेरबहादुरलाई प्रधानमन्त्री बनाउन माधव-प्रचण्ड मरिहत्ते गरेर लागिपरेका छन् । भोलि शेरबहादुर प्रधानमन्त्री हुनेबित्तिकै उनले गर्ने भनेको पहिलो काम संसदबाट एमसिसि अनुमोदन गराउनु नै हो । केही दिनअगाडि उनले 'अन्तर्राष्ट्रिय जगतमा मेरो क्रेडिविलिट (विश्वसनियता) बिगार्ने काम गर्नेसँग मेरो साथ हुँदैन, एमसिसिको पक्षमा रहेको ओलीसँग सहकार्य गर्न सकिन्छ भनेर स्पष्ट पारिसकेका छन् ।'

ओली छोडी प्रचण्ड अनि माधवतर्फ आउँदा एमसिसि अनुमोदन हुने स्थिति आएमा भीम रावल, देव गुरुङ अनि लिलामणीहरू चुप लागेर बस्लान् त ? यही एमसिसिको कारण हिजो ओलीले गैरसंवैधानिक कार्य गरी संसद भंग गर्दा ओली गुटबाहेक त्यो कदमको स्वागत गर्ने कोही देखिएन । अदालत पनि ओलीको विपक्षमा गयो र अहिले नयाँ सत्ता समीकरणको नयाँ खेल शुरु हुन लाग्दा एमसिसिको पक्षमा आवाज सुनिनुले खाली मन्त्री पद नपाएकै कारणमात्र एमसिसिको विरोध भएको रहेछ भनेर बुझ्निनुपर्ने अवस्था आयो भने भोलि एमसिसिको विपक्षमा सडकबाट हुने आन्दोलनलाई शेरे, माधव र प्रचण्डले थेग्न सक्लान् ?

एमसिसिको पक्षमा लाग्नु भनेको नेपालको असंलग्न परराष्ट्र नीतिको खिलाफ अमेरिकी गुटमा नेपाललाई उभ्याउनु हो । चीन विरुद्धको गतिविधिमा नेपाली माटोलाई प्रयोग हुन दिनु हो । नेपालको मुस्ताङमा रहेको अथाह युरेनिएम खानीमाथि अमेरिकी एकाधिकार स्थापित गर्न दिनु हो । नेपालले त्यसो गऱ्यो भने के चीन चुप लागेर बस्ला त ? चीनले साँच्चिकै नेपाली राजनीतिमा भारतले जस्तै सोझो हस्तक्षेपकारी नीति अवलम्बन गऱ्यो भने के नेपालको लोकतान्त्रिक प्रजातन्त्र जोगिएला त ?

हिजो राजा हटाउन भारतीय सेना नेपाल बोलाउनुपर्छ भन्ने माधव नेपालहरूले भोलि चीनलाई ठीक गर्न अमेरिकी र भारतीय संयुक्त सेना नेपालमा तैनाथ गर्नुपर्छ भन्दैनन् भन्ने के ग्यारेन्टी ? हिजो आफैंले शाही सेना लगाई राजा वीरेन्द्रले खम्पा विद्रोही नदबाएको भए त्यतिखेर नै चिनियाँ सेना मुस्ताङ पसी खम्पाहरूको दमन गर्ने थियो । राजा वीरेन्द्रले त्यसो गरेकै कारण नेपालमा चिनियाँ सैनिकले प्रवेश पाएन अनि नेपाल दरबार र चीनको विशेष सम्बन्ध बन्न पुग्यो जसको कारण भारत नेपालसँग कुटनीतिमा सधैं परास्त हुन पुगेको हो ।

शान्ति क्षेत्र प्रस्तावको पक्षमा विश्वका ११६ राष्ट्र उभिनुले भारत र सोभियत संघ एक्लिन पुग्नु त्यसको ज्वलन्त उदाहरण थियो । त्यसकारण अब हुने प्रधानमन्त्री ओली, शेरबहादुर, प्रचण्ड, माधव वा बाबुराम जोसुकै हुन्, संसदबाट एमसिसि अनुमोदन गर्न खोजे भने यिनीहरूले देशलाई अमेरिकी चीन युद्धको अखडा बनाउनतिर लाग्ने छन् । अनि यतिखेर बर्मामा जसरी चीनको समर्थनमा सैनिक 'कू' भयो त्यसैगरी नेपालमा सैनिक 'कू' सहित राजतन्त्र पुनःस्थापना नहोला भन्न सकिन्न । त्यो भनेको देश फेरि निरंकुश शासनतर्फ जाने हो । तसर्थ खबरदार !! असंलग्न सिद्धान्तको विपरीत गई एमसिसिको पक्षमा बोलेर चीनलाई क्रोधित बनाउनेतर्फ कोही नलागुन् । नेपालको उत्तरमा यदि तिब्बत भन्ने स्वतन्त्र राष्ट्र बनी चीनसँगको सीमा टुट्यो भने भारतले सिक्किमजस्तै नेपाल खान २४ घण्टा पनि लगाउने छैन । नेता भनाउँदाहरूले यो बुझ्नु जरुरी छ ।

# पद र शक्तिका लागि सांसद किन्ने फोहोरी खेल सुरु हुँदैछ



**गोविन्द विक**

नेकपाका अध्यक्ष तथा प्रधानमन्त्री केपी शर्मा ओलीले दलभित्रको आन्तरिक कलहलाई आधार बनाएर संसद विघटन गर्ने निर्णय गरेका थिए । संसद विघटन गरेर ताजा जनादेशका लागि चुनाव गराउने भन्दै देशव्यापी रुपमा चुनावको ढोल पिटेर हिँडने काम भयो । विखन्डित नेकपाको ओली पक्ष र प्रचन्ड माधव पक्षका उच्च तहका नेताहरू एक अर्काप्रति निम्नस्तरका गालीगलौजमा उत्रिए । ओली पक्ष र प्रचन्ड माधव पक्षको दोहोरीले मुलुक अनिर्णयको बन्दी बनिरहेको थियो भने जनता निरिह भएर उनीहरूको दोहोरी सुनेर बस्न बाध्य थिए ।

आम सन्चार माध्यममा उनीहरूले गरेका एक अर्काप्रतिको गालीले निकै स्थान ओगटेको थियो । सर्वोच्च अदालतले सरकारको निर्णयलाई बदर गरिदिएको छ । संसद व्युतिने फैसला आएको खन्डमा ओलीले तत्काल राजीनामा दिन्छन भन्ने धेरैको अनुमान थियो । तर ओलीले राजीनामा दिनुभन्दा पनि संसदीय दल तथा प्रतिनिधि सभामा आफू विरुद्धको प्रस्तावमा सानदार प्रतिवाद गर्ने भन्दै झन दृढतापूर्वक अगाडि बढिरहेका छन् । प्रधानमन्त्री पद जोगाउनका लागि प्रधानमन्त्री केपी ओलीले विभिन्न अस्त्रहरू प्रयोग गरिरहेका छन् । विखन्डित समूहका प्रचन्ड र माधव कुमार नेपाल प्रतिपक्ष दलसँग मिलेर सरकार बनाउने दाउमा दौडादौड छ ।

संसद विघटन भएपछि करिब दुई महिनाभन्दा बढी देश अनिर्णयको बन्दी बनेको थियो । ओलीको सत्ता र शक्तिको लोभ प्रचन्ड माधवको ओलीप्रतिको पूर्वाग्रहले गर्दा मुलुकमा फेरि अस्थिरता निम्तिने जोखिम बढदै गएको छ । पहिलो पटक प्रधानमन्त्री हुँदा ओलीको उचाइ जति थियो अहिले सो उचाइ एकपछि अर्को हर्कतले ओरालो लाग्ने क्रममा छ । संसद पुनःस्थापनाको फैसला भएमा संसद किन्ने फोहोरी खेल सुरु हुने जसले गर्दा राजनीतिक निकासमा समस्या उत्पन्न हुने कुरा उच्च नेतृत्वबाट आएको थियो ।

अहिले नेकपामा १७२ जना संसदमध्ये कतै नखुलेकाहरूको हिसाव गर्दा पनि ९० जना सांसद प्रचन्ड माधव समूहको पक्षमा देखिएका छन् भने ओलीको पक्षमा ८२ जना मात्र सांसद देखिएका छन । टाउको गन्ती गरेर संसदीय दलमा ओलीले अविश्वासको विरुद्धमा प्रतिवाद गर्ने हो भने पनि हार्ने सम्भावना बढी नै छ । त्यसकारण ओलीले सांसदहरूलाई आफ्नो पक्षमा पार्ने खेल सुरु गरिसकेका छन् । नेकपाभित्रबाट सल्किएको विवादले सिंगो मुलुकमा डढेलो लाग्ने देखिँदैछ ।

मैले असंवैधानिक कार्य गरेको छु । नैतिक हिसाबले पनि सत्तामा बसिरहन नसुहाउने भनेर तत्काल राजीनामा दिएका भए ओलीको ओरालो लागेको राजनैतिक विश्वास रोकिने अवस्था हुने थियो । तर पदका लागि अहम र सनक देखाउँदै अस्थितरता सुरु गरेका प्रधानमन्त्री ओलीले अझै मुलुकलाई निकास दिने छाँट देखाएका छैनन् ।

संसदमा प्रधानमन्त्रीका विरुद्धमा अविश्वासको प्रस्ताव दर्ता भई त्यसमा प्रक्रिया अगाडि बढेमा ओलीले सानदार फेस गर्ने भन्दैछन् भने प्रचन्ड र माधव

**उच्च तहका नेताहरूमा पद र शक्तिका लागि सांसद किन्ने पैसा कहाँबाट आयो ? प्रचन्ड माधव समूहका नेताहरू सरकार गठन भए पनि मन्त्री बनाइदिने भन्दै सांसदहरूलाई आफ्नो पक्षमा उभिन उक्साइरहेका छन ।**

समूहले उनलाई अविश्वासको प्रस्ताव पास गराएरै छाड्ने भन्दैछन । प्रधानमन्त्रीका विरुद्धमा दर्ता अविश्वास पास हुन्छ या फेल हुन्छ त्यो त समयले बताउने नै छ । तर अहिले नेकपाका दुवै पक्षमा सांसद किन्ने जुन खेल सुरु भएको छ, यो खेल अव्यवहारिक मात्र छैन, यसले राजनीतिमा गलत नजिर बसाइरहेको छ ।

आफूलाई अप्ठयारो पर्ने बित्तिकै ब्रिफकेस बोकर सांसद किन्ने काम लज्जाजनक छ । उच्च तहका नेताहरूमा पद र शक्तिका लागि सांसद किन्ने पैसा कहाँबाट आयो ? अहिले ओली पक्षका नेताहरू सांसदलाई पैसा मन्त्रीको प्रलोभनमा पारेर आफ्नो पक्ष अर्थात ओलीको पक्षमा सांसदहरूलाई तान्ने काम भइरहेको खबरहरू बाहिर आएका छन् भने उता प्रचन्ड माधव समूहका नेताहरू सरकार गठन भए पनि मन्त्री बनाइदिने भन्दै सांसदहरूलाई आफ्नो पक्षमा उभिन उक्साइरहेका छन ।

ओलीले प्रधानमन्त्रीबाट आफूलाई हटाउन चुनौति नै दिएका छन् । प्रधानमन्त्रीबाट हटाइहाले पनि फेरि जनताका सामु गएर दुई तिहाइ बहुमतका साथ सिंहदरबार फर्किने उद्घोष गरेका छन् । यसले पनि यो मुलुकमा ओलीभन्दा अर्को नेता नै छैन भन्ने सन्देश दिन खोजेको देखिन्छ । त्यसकारणले सांसदहरूलाई ब्रिफकेस थमाउने नेताहरूको स्रोत के हो ? यसको खोजी हुनुपर्छ कि पर्दैन ? जनताको करबाट उठाएको रकम राज्यको ढिकुटीमा जान्छ, त्यही रकमको दुरुपयोग त कतै भएको छैन ? यसको जनताले खोजी गर्नै पर्दछ ।

विभिन्न बहानामा अरबौं रकम आफ्नो पोल्टामा पारेर पानीमाथिको ओभानो हुने सत्ता र शक्तिका लागि सांसदहरूलाई ब्रिफकेस थमाउने खेल तत्काल बन्द हुनुपर्दछ । यसबाट उच्च तहका नेताहरूको सम्पत्ती राज्यले तत्काल छानविन गरी सत्य कुरा जनतासामु ल्याउनु पर्दछ । राजनीतिमा पैसाको खोलो बगाउने नेताहरूलाई एक एक गरी जनताले चिन्दै जानु जरुरी छ । पैसाले जनताको मन जित्ने हैन राम्रो काम गरेर जनताको मन जित्नु पर्दछ ।

# झापा विद्रोह, पूर्तिघाट बैंक संघर्ष र नेपालको गणतन्त्र-६



**सुदर्शन प्रधान**

स्मरण रहोस्, मोदनाथ प्रश्रित थुप्रै पुस्तकका लेखक हुन्। जसले स्टालिन र माओत्सेतुङ को नेतृत्वमा निर्माण र विकास भएको समाजवादी सोभियत संघ र चीनबाट धेरै कुराहरू सिकेर लेखक बनी लोकप्रिय बने तर नब्बेको दशकपछि उनले आफ्नो पुस्तकबाट स्टालिन र माओको नाम हटाउँदै साम्राज्यवादी ब्रिटेनको प्रधानमन्त्री मार्गरेट श्याचार र भारतको सामन्त र पूँजीपति वर्गको सरंक्षक प्रधानमन्त्री ईन्दिरा गान्धीहरूलाई महान् महिलाको पंक्तिमा राखेका छन् ।

उनको 'नारीबन्धन र मुक्ति' पुस्तकको पछिल्लो प्रकाशन (सन् १९९२ तिरको) त्यसको प्रमाण हो। यस्तै नेतृत्वहरूको गलत सैद्धान्तिक दृष्टिकोण र व्यवहारहरूले तिनका पार्टी ठूला भएर पनि नेपाल र नेपाली जनताले आजसम्म ठोस उपलब्धिहरू के प्राप्त गर्न सके त? खै किन हो उनी स्वयं पनि पार्टी निर्माण र विकासमा लामो योगदान भएर पनि झण्डै एक दशक यता पार्टीमा फुक्लेको ढिकी बन्न पुगेका छन्।

अन्तमा, सन् १९८१र८२ तिरको पृथ्वी नारायण क्याम्पस पोखराका पूर्णकालीन विद्यार्थी नेता महेन्द्र कतिला पनि हो। गण्डक प्रदेश नेकपा (माले) विस्तार हुनमा उनको पनि महत्वपूर्ण योगदान छ। उनी आजभोलि राजनीति त्यागेर दाङमा मौरी पालन किसान बनेका छन्। अनि उनको दक्षता गोमन, करेत, नागराजा जस्ता विषालु साँपहरू समात्ने पनि हो। यिनै कतिलाले पार्टी राजनीति बारे पंक्तिकार संग भने 'हाम्रो नेकपा(माले) हुँदै एमाले र नेकपा पार्टीको वर्तमानको कुरै छोडौ, हाम्रो आरम्भ विन्दु नै गलत रहेछ, सुरु मै गलत भएको रहेछ......'

नेपाली जनता र राष्ट्रको मुक्ति र स्वाधिनताको लागि रगत, पसिना र आँशु बगाएर हजारौं शहीद बने, अरु हजारौं दिवंगत भए। अब बाँचेका योद्धाहरूले आफ्ना अनुभव सिद्ध आत्मकथाहरू अगाडि ल्याउन जरूरत छ। जुन अनुभवहरूलाई मोथेर युग परिवर्तनका वाहकहरूले भावी मार्ग दर्शन अचुक रूपले निर्माण गर्न सकोस् !

कमरेड महेन्द्र कतीला! प्राकृतिक विषालु सर्पहरू समात्न र तिनलाई खोरमा थुन्न पोख्त मात्र हैन कि यहां त क्रुर राणाहरूले निर्माण गरेका दरबारभित्र बस्ने र उनैका पथमा हिड्ने मानव गोमन, करेत र नागराजा जस्ताहरूलाई समातेर फलामे खोरहरूमा थुनेर स्टालिनले सोभियत संघमा गरेका हजार हजार महान् कर्महरू गरे झैं पूरा गर्न परेको छ। एक्यवद्ध बनौं र हिम्मत गरौं ! हामी जित्ने छौ, भविष्य उज्ज्वल छ ।

# मैले देखेको १६० औं विश्व पर्यटकीय स्थल

# ओसाकाको सितेन्नो जी मन्दिर

सुरेन्द्र ढकाल



मन्दिरको भित्री भाग यस्तो रहेछ



मन्दिरभित्रका कलात्मक रंगीन भवनहरू निकै आकर्षक रहेछन्



मन्दिरको भित्रको बुद्धको मन्दिर



मन्दिरभित्रको गोकुराकु योडो बगैंचा यस्तो रहेछ



मन्दिरभित्रको कोडो हल यस्तो रहेछ



मन्दिरभित्रको कोन्दो हल यस्तो रहेछ




मन्दिरभित्रको पानी सेचन गर्ने ढुंगाको कछुवा



मन्दिरभित्रको भित्तामा गरिएको ड्र्यागनको पेन्टिङ



पाँचतले प्यागोडासहितको मन्दिरको प्रवेशद्वार बाहिरबाट हेर्दा




सितेन्नो जी मन्दिरभित्र सुरेन्द्र मे १३, २००६ मा

मे १२ २००६ का दिन ओसाका दरबार र बगैंचा अवलोकन गरी बाँकी समय ओसाका सहरी केन्द्रमा ब्यतित गरेँ र मे १३ का दिन बिहानै सितेन्नो जी मन्दिर अवलोकन गर्न त्यतातिर लागेँ।

**सितेन्नो जी मन्दिर**

यो मन्दिर ओसाकामा रहेको चर्चित धार्मिकस्थलभित्र पर्दो रहेछ। यसको इतिहास खोतल्दै जाँदा सन् ५९ तिर पुगिँदो रहेछ। यो नै जापानको पहिलो सरकारद्वारा सञ्चालित बुद्ध मन्दिर रहेछ। शताब्दिहरू बित्दै जाँदा यस मन्दिरको पुनर्निर्माण र जिर्णोद्धार धेरै पटक भएको रहेछ।

मन्दिरको अहिलेको रुप भनेको सन् १९६० पछिको रहेछ। यस मन्दिर क्षेत्रभित्रको आकर्षण भनेको सिंगारिएका भवनसँगै रहेको ५ तले पेगोडा, कोन्दो नामक मूर्ति र कलाले सिंगारिएको गोल्डेन पभेलियन, कोडो नामक वृहत हल र तीनतिरको प्रवेशद्वार जोड्ने करिडर पर्दो रहेछ।

यहाँभित्रको अर्को आकर्षण भनेको मन्दिरको बगैंचा पनि रहेछ। यस मन्दिरलाई वा सेक्ट बुद्धिष्ट सम्प्रदायको मुख्यालय पनि मानिँदो रहेछ। इतिहास खोतल्दै जाँदा राजकुमार सोतोकु त्यतिखेर बुद्धधर्मका अनुरागी भएका रहेछन्, जतिखेर छैटौं शताब्दिमा जापानमा बुद्धधर्मको त्यतिको प्रचार पनि भएको थिएन रे। यिनै राजकुमारले बुद्ध धर्मलाई जापानभरि संरक्षण गर्न र फैलाउन राष्ट्रिय योजना नै बनाएर अघि बढेका रहेछन्। यिनैले कोरियाबाट ३ जना कालिगढ मगाई यस मन्दिरको निर्माण गर्न लगाएका रहेछन्। यिनै ३ जनामध्ये १ कोन्गो गुमी नामक कालिगढ मन्दिर र मूर्ति बनाउन दक्ष रहेछन्। यिनैले स्थापना गरेको मन्दिर निर्माण कम्पनी सन् २००४ पछि गएर ताकामात्सु निर्माण कम्पनी बनेको रहेछ।


जापानी सभ्यतालाई उच्चस्तरको सभ्यतामा विकास गर्न राजकुमार सोतोकोले चार जना स्वर्गीय सम्राट (Four Heavenly Kings) को सम्मानको खातिर सातवटा भवनमा केन्द्रित चारवटा शिक्षा र धार्मिक संघ सिका इन, सिचिदो गारान, क्योदेन इन हिदेन इन बनाउन लगाएका रहेछन्। त्यसको अतिरिक्त जापानी जनतालाई स्वास्थ्य सेवा प्रदान गर्न च्योवो इन नामक अस्पताल, सेइयाकु इन नामक औषधि पसल पनि त्यहाँ व्यवस्थित गरिएको रहेछ।

पाँचतले पेगोडाको नाम गारन र त्यहाँ भएको वोधिसत्वको मूर्ति कान्नोनको नामबाट चिनिँदो रहेछ। दक्षिणतिरको सबैभन्दा ठूलो प्रवेश द्वारको नाम नान्दाइमोन, पूर्वी द्वारको नाम हिगासी नो ओ मोन, पश्चिमी द्वारको नाम निशि नो ओ मोन रहेछ। यो द्वारको अझै पश्चिमतर्फ एउटा टोरी नामक ढुंगा अवस्थित रहेको स्थललाई गोकुराकु योडो पवित्रस्थल वा स्वर्ग भनिँदो रहेछ। गोकुराकु योडो बगैंचा अमिदा बुद्धको पश्चिमी स्वर्गस्थान भनेर बयान गरिएको रहेछ। मन्दिरकै चोकमा रहेको ढुकुटीमा बहुमूल्य कला, भित्तामा ड्रागनको पेन्टिङ, मूर्ति, अभिलेखहरू संग्रह गरिएको रहेछ।

कमाइडो हलमा सातौं शताब्दिको एउटै ढुंगा तात्सुयामामा कुँदेर बनाइएको कछुवा रहेछ। त्यसको ठीक अर्को किनारमा त्यस्तै दुई साना ढुंगाको कछुवा रहेछन। धार्मिक अवसरमा यी कछुवाको ढाडमा जमेको पानी भक्तजनहरूमा सेचन गरिन्थ्यो रे। अहिले पनि धार्मिक पर्यटकहरू त्यहाँ पुग्दा त्यस पानीबाट आफूलाई सेचन गर्दा रहेछन्।

मन्दिरभित्र छिरेपछि कहिले पनि बाहिर निस्कन नपरोस् भन्ने कुरा मनमा आउँदो रहेछ। चार घन्टा जति मन्दिर क्षेत्रमा बिताएर म निस्किएँ र त्यससँगै ओसाकामा मैले अवलोकन गर्न चाहेको स्थल सकिएको थियो। ५ बजेतिर गौतमजीको डेरामा फर्केर भोलिपल्टको टोकियो प्रस्थानको लागि तयारी सुरु गरेँ।

# २०४६ सालको आन्दोलनबारे




■ शम्भुराम श्रेष्ठ

नयाँदिल्लीमा निर्दलीय पञ्चायती शासन व्यवस्थालाई खत्तम गरी नेपालमा नयाँ जनवादी शासन प्रणाली स्थापना गर्न निम्ति सम्भव भएसम्म चाँडै देशव्यापी सशक्त जनसंघर्ष गर्ने निर्णय भएपछि हामीहरू स्वदेश फर्क्यौं । त्यसको ३ महिनापछि अघिल्लो बैठकको निर्णयअनुसार काठमाडौंमा सरसल्लाह कमिटीको बैठक बस्यो । बैठकले झापाली कम्युनिस्ट समूह वा मालेलाई पनि जनसंघर्षमा सामेल गराउनु एकदमै आवश्यक भएको महसुस गरी यसबारे कुरा गर्न किरण वैद्य र निर्मल लामालाई पठाउने निर्णय गर्‍यो । उनीहरू कुरा गर्न गए ।

कुराकानी र छलफलको क्रममा पुष्पलाल समूहबाट आएका मदन भण्डारीहरूको बाहुल्य भएको माले समूह वा नाउँ मात्रको झापाली समूहले किरण वैद्य र निर्मल लामाले राखेको नयाँ जनवादी कार्यक्रमलाई समर्थन त गर्‍यो तर नेपाली कांग्रेसको बहुदलीय संसदीय प्रणाली सम्बन्धी कार्यक्रमलाई पनि हाम्रो उत्तिकै समर्थन छ भनी भन्यो । एकसाथ एक अर्काको विपरीत प्रकृतिका दुई परस्पर विरोधी राजनीतिक कार्यक्रमहरूलाई माले समूहले समर्थन गर्नु विल्कुलै अनौठो कुरा त थियो नै, उत्तिकै अवसरवादी विचार पनि थियो । माले समूहको त्यो निकृष्ट, अवसरवादी विचार सुनेपछि केही नबोली किरण वैद्य र निर्मल लामा फर्केर गए । उनीहरूले त्यस सामूहसितको छलफलको क्रममा भएका सबै कुरा सरसल्लाह कमिटीको बैठकमा रिपोर्ट गरेपछि बैठकले अब उप्रान्त यसबारे कुनै कुरा नगर्ने निधो गर्‍यो ।

झापाली समूहले त्यस्तो डबल स्टान्डर्डको अवसरवादी विचार लेला भनेर हामीले कहिल्यै सोचेका थिएनौं, कल्पनै पनि गरेका थिएनौं । माले समूह जस्तो क्रान्तिकारी समूहले त्यस्तो अवसरवादी विचार किन लिएको होला ? त्यसो गर्नाका कारण के हुन सक्छ ? त्यो कारणलाई हामीले खोजेर पत्ता लगाउनैपर्छ भन्ने विचार गरी हामीले खोजतलास गर्न थाल्यौं र पत्ता लगाइछाड्यौं । कारण के रहेछ भने पुष्पलाल समूहबाट बिना कुनै सैद्धान्तिक राजनीतिक मतभेद त्यसै त्यसै त्यसलाई छाडेर मदन भण्डारी, जीवराज आश्रित, वामदेव गौतम र मोदनाथ प्रश्रित जस्ता अवसरवादीहरूले क्रान्तिकारी समूहको रुपमा ख्याति प्राप्त पुरानो झापाली समूहमा प्रवेश गरी त्यसको नेतृत्व कब्जा गरिसकेका रहेछन् । अन्यथा, झापाली समूहले कदापि नेपाली कांग्रेसको संसदवाद र हाम्रो जनवादलाई एकसाथ समर्थन गर्ने अवसरवादी एवं संशोधनवादी अडान लिने थिएन ।

झापाली समूहसँग कुरा नमिलेपछि हामीले 'संयुक्त राष्ट्रिय जनआन्दोलन' स्थापना गर्‍यौं, जसमा नेकपा -मालेमा) र सर्वहारा पार्टी पनि सम्मिलित थिए । तर त्यसको संघर्ष सम्बन्धी कार्यक्रम तयार भएपछि मात्र औपचारिक रुपले त्यसको स्थापनाबारे विज्ञप्ति जारी गरियो । जनसंघर्षको कार्यक्रम मूलतः अंग्रेज साम्राज्यवाद र भारतीय विस्तारवादद्वारा नेपालमाथि लादिएका सबै असमान सन्धि सम्झौताहरूलाई खारेज गरी नेपाललाई पूर्णरुपले स्वाधीन जनवादी मुलुकमा रुपान्तरण गर्ने, 'जमिन जोत्नेको' सिद्धान्त बमोजिम आमूल भूमिसुधार गरी गरिब तथा खेतहीन किसानहरूलाई सम्पूर्ण जग्गा जमिनको मालिक बनाएर सामन्तवादलाई जरैदेखि उखेलेर फाल्ने, नेपाल एक बहुजातीय, बहुभाषिक भए तापनि कुनै एउटा खास जाति र त्यसको भाषलाई मात्र राष्ट्रभाषा (अर्थात् सरकारी भाषा) हुने विशेषाधिकार जो दिइएको छ, त्यसलाई खारेज गरी सबै जाति जनजाति र तिनीहरूका भाषाहरूलाई पनि समान अधिकार, समान मर्यादा र समान प्रोत्साहन प्रदान गरी समानताको आधारमा स्वस्थ राष्ट्रिय एकता निर्माण गर्ने, नेपालको आधाभन्दा बढी जनसंख्या भएका महिलाहरूलाई पुरुषहरूले पाए सरह समान अधिकार दिनुको साथसाथै सबै क्षेत्रहरूमा उनीहरूलाई पुरुषहरूको दाँजोमा पुर्‍याउन आवश्यक सहुलियत एवं प्रोत्साहन प्रदान गर्ने, साम्राज्यवाद र भारतीय विस्तारवाददेखि स्वतन्त्र राष्ट्रिय अर्थतन्त्र निर्माण गर्ने र शिक्षा, स्वास्थ्योपचार र बेरोजगारी भत्ता प्रदान गर्ने कार्यहरूमा केन्द्रित थियो ।

हामीले 'संयुक्त राष्ट्रिय जनआन्दोलन' गठन गरेको लगत्तै नवगठित झापाली समूह, सहानाको (मार्क्सवादी) समूह, विष्णुबहादुरको नेकपा (प्रजातान्त्रिक) समूह, कृष्णराज बर्मा समूहले 'संयुक्त वाम मोर्चा' गठन गर्‍यो । यसैबीच एउटा अपत्यारिलो घटना हुन गयो । हाम्रो ४ समूहहरूको सरसल्लाह कमिटीको सुरुदेखि सदस्य रहिआएको र 'संयुक्त राष्ट्रिय जनआन्दोलन' संस्थापक सदस्य समेत रहेको निर्मल लामाको (चौथो महाधिवेशन) समूहले जुन समूहको नेता निर्मल लामा 'संयुक्त राष्ट्रिय जनआन्दोलन' को जनसंघर्ष सम्बन्धी कार्यक्रम निर्माण निम्तिको छलफलदेखि त्यसलाई पारित गर्दासम्मको बैठकमा उपस्थित हुनाको साथसाथै कार्यक्रम पारित गर्नेहरूमध्ये एक थिए- कसैलाई 'चुँ' सम्म खबर नगरी सुटुक्क 'संयुक्त वाम मोर्चा' मा सामेल हुन गयो, जसलाई एक नम्बरको अविश्वसनीयता र धोखेबाजी भन्नुपर्छ ।

'संयुक्त राष्ट्रिय जनआन्दोलन' र 'संयुक्त वाम मोर्चा' गठन भएपछि तिनीहरूको मुकाबिला गर्न पञ्चायती सरकारले गाउँदेखि राष्ट्रिय स्तरसम्म प्रतिकार समितिहरू खडा गर्‍यो । तर फागुन ७ गते जनआन्दोलन सुरु भएपछि जुद्ध सडक र खिचापोखरी आदि केही स्थानहरूमा आन्दोलनकारीहरूबाट पिटाइ खाएपछि प्रतिकार गर्न गएका ती निर्दलवादीहरू बतास चलेपछि बादल बिलाएझैं बेपत्ता भएर गए । त्यसपछि देशभरि नै प्रतिकार समितिको नामोनिशान भएन ।

'संयुक्त वामा मोर्चा' र नेपाली कांग्रेसले संयुक्त संघर्ष समिति गठन गरी २०४६ साल फागुन ७ गतेदेखि बहुदलीय संसदीय व्यवस्थाको मागलाई अघि सारेर शान्तिपूर्ण जनआन्दोलन प्रारम्भ गर्‍यो । ठोस रणनीतिक कार्यनीति नभएको हुनाले, 'संयुक्त राष्ट्रिय जनआन्दोलन' एकदमै अप्ठेरो अवस्थामा पर्न गयो । त्यसले न त आफ्नै नेतृत्वमा आफ्नै तौरतरिकाले पञ्चायती शासनविरुद्ध संघर्ष गर्न सक्यो न त नेपाली कांग्रेस र वाम मोर्चाले सुरु गरेको शान्तिपूर्ण जनआन्दोलनमा भाग लिन जानबाट आफ्ना कार्यकर्ताहरूलाई रोक्न नै सक्यो ।

यसरी २०४६ सालको जनआन्दोलनको खासै भूमिका रहेन र नराम्ररी पछाडि पर्न गयो । यस अवस्थामा 'संयुक्त राष्ट्रिय जनआन्दोलन' ले राजनीतिक पहलकदमी गुमाउनु स्वाभाविक नै हो । राजनीतिमा पहलकदम गुमाउनुलाई मृत्यु बराबर मानिन्छ । पहलकदमी गुमाएकै कारण २०४६ सालको जनआन्दोलनको दौरानमा 'संयुक्त राष्ट्रिय जनआन्दोलन' का कार्यकर्ताहरूको जनआन्दोलन व्यापक सहभागिता हुँदाहुँदै पनि त्योमध्ये एक देशका ४ प्रमुख राजनीतिक शक्ति हुँदाहुँदै पनि प्रभावशाली भएन । त्यसकै परिणामस्वरुप जनआन्दोलन टुंग्याउन दरबारीसितको वार्तामा नेपाली कांग्रेस र वामा मोर्चा मात्रै सहभागी भए ।

(क्रमशः)

# फाइदाजनक मसलाहरू



तरकारीलाई स्वादिलो बनाउनका लागि धेरै प्रकारका मसलाहरूको प्रयोग गरिन्छ । यस्ता मसलाहरूले तरकारीको स्वाद मात्र बढाउने नभई स्वास्थ्यमा पनि निकै फाइदा पुर्‍याउँछन् । बेसार, धनियाँ, जीरा, ज्वानो, ल्वाङजस्ता मसलाले स्वास्थ्यमा विशेष फाइदा पुर्‍याउँछन् ।

**बेसार** : बेसारले रगत सफा गर्छ । कफ कम गराउँछ । चिसोबाट बचाउँछ । यसमा एन्टी सेप्टिक, एन्टी बायोटिक, एन्टी एलर्जिक एवं एन्टी फंगल गुण हुन्छन् । यसले पीडा कम गर्न पनि सहयोग गर्छ ।

**जीरा** : जीराले खाना पचाउन मद्दत गर्छ । यसले पेटमा ग्याँस बढ्ने समस्यामा ठूलो राहत दिन्छ ।

**रायो** : रायोले पेटको कीरा मार्छ । पेटमा ग्याँस बन्न दिँदैन र पाचन क्रिया दुरुस्त बनाउँछ ।

**धनियाँ** : धनियाँले खाना पचाउन सहयोग गर्छ । यसले एसिडिटी, पिसाब पोल्ने समस्यालाई ठीक गर्छ ।

**ल्वाङ** : ल्वाङमा एन्टी सेप्टिक गुण हुन्छ । यसले मुखको दुर्गन्ध हटाउँछ । पाचन शक्ति बढाउँछ र एसिडिटी हटाउन सहयोग गर्छ ।

**सुकुमेल** : सुकुमेलले एसिडिटी हटाउँछ । बढी खाना खाँदा हुने छटपटीलाई सुकुमेलले छिनभरमै हटाइदिन्छ ।

**मरिच** : मरिचले रुघाखोकीबाट बचाउन सहयोग गर्छ । यसको नियमित सेवन गर्दा पाचन ठीक रहनुका साथै भोक पनि जाग्छ ।

**हिङ** : हिङले पेटमा ग्याँस भरिने समस्या हटाउँछ । तर यो खाँदा मात्रामा विशेष सतर्क हुनुपर्छ । यसले गर्भवतीलाई फाइदा नगर्नसक्छ । साथै यो धेरै खाइयो भने हड्डीमा समेत असर पुग्छ ।

**मेथी** : मेथीले पेटमा ग्याास भरिने समस्यामा राहत दिलाउँछ । मधुमेह, जोर्नी दुख्ने समस्या तथा पाचन प्रणालीसम्बन्धी समस्यामा फाइदा गर्छ । बपालका लागि पनि मेथी राम्रो मानिन्छ ।

**ज्वानो** : ज्वानो पनि पेटका लागि हरेक हिसाबले फाइदाजनक मानिन्छ । यसले पेटको कीरा मार्छ । रुघाखोकीको समस्या छ भने यसको सेवनले फाइदा गर्छ ।

**नुन** : खानेकुरामा नुन भएन भने स्वाद हुँदैन । विशेष गरी दाल तरकारीमा नुन नहाली हुँदैन । खाना स्वादिलो हुनका लागि नुन ठिक्क हुनुपर्छ । अझ नुन चर्को भयो भने त खानै सकिँदैन । फेरिन पानी थप्दा पनि तरकारी स्वादिलो रहँदेन । उसो भए के गर्ने त ? नुन चर्को भयो भने केही उपाय अपनाएर त्यसको चर्कोपन कम गर्न सकिन्छ ।

## समाचार संक्षेप

### राष्ट्रिय सहकारी बैंकलाई अनुमति प्राप्त

बागलुङ । राष्ट्रिय सहकारी बैंक लिमिटेडले ७ वटै प्रदेशमा प्रदेश शाखा कार्यालय सञ्चालनका लागि स्वीकृति प्राप्त गरेको छ । नेपाल राष्ट्र बैंकले बुधवार सात प्रदेशका लागि प्रदेश शाखा कार्यालय सञ्चालनका लागि स्वीकृति दिएको बैंकले जनाएको छ ।

प्रदेश नं. १ को बिराटनगर, प्रदेश नं. २ को जनकपुर, बागमती प्रदेशको हेटौडा, गण्डकी प्रदेशको पोखरा, लुम्बिनी प्रदेशको बुटवल, कर्णाली प्रदेशको सुर्खेत र सुदुरपश्चिम प्रदेशको धनगढीमा प्रदेश कार्यालयका लागि राष्ट्र बैंकले स्वीकृति प्रदान गरेको हो । प्रदेश अन्तरगतका सबै शाखा कार्यालयहरूलाई उक्त प्रदेशको शाखा कार्यालय अन्तरगत राख्ने तथा प्रदेश कार्यालयले मातहतका शाखा कार्यालयहरूसंग समन्वयात्मक तथा प्रशासनिक कार्यहरू गर्नका लागि प्रदेश शाखा कार्यालयको स्वीकृति दिइएको छ ।

राष्ट्रिय सहकारी बैंकमा हाल ६८ वटा शाखा कार्यालयहरू सञ्चालनमा रहेका छन् । बैंकका करिव १३ हजार सहकारी संघ संस्था सदस्य रहेको बैंकले २ अर्ब ८५ करोड शेयर रकम, ५८ अर्ब निक्षेप र ३० अर्ब कर्जा लगानी गरेको छ । बैंकले सदस्य संस्थाहरूसंग वित्तीय कारोबारसंगै संस्थाहरूको संस्थागत विकासका लागि स्तरीकरण लगायत शिक्षा तथा तालिमका कार्यक्रमहरू निरन्तर गर्दै आइरहेको छ ।

### पाँचौं ग्याली अफ होप सम्पन्न

काठमाडौं । संयुक्त राष्ट्र संघअन्तर्गत अन्तर्राष्ट्रिय शैक्षिक वैज्ञानिक तथा सांस्कृतिक संगठनको महापरामर्सदाताको हैसियत प्राप्त अन्तर्राष्ट्रिय संस्था युनिभर्सल पीस फेडेरेसनले पाँचौं ग्याली अफ होप भब्यताका साथ सम्पन्न गरेको छ ।

कोभिड १९ ले सिर्जना गरेको स्वास्थ्य प्रोटोकलका कारण अनलाइन आयोजना गरिँदै आएको ग्याली अफ होपको यस श्रृङ्खलामा शान्तिको साझेदारीलाई टेवा दिनका लागि विश्व नेताहरू तथा नागरिक समाजका अगुवाहरू आवहान गरेका छन् । कार्यक्रममा विश्व नेताहरूले वर्तमान समयमा विश्व मानवताले झेलिरहेका चुनौतिहरूलाई सम्बोधन गर्नुका साथै शान्ति स्थापनाका नयाँ अवसरहरूका बारेमा पनि छलफल गरेका थिए ।

कार्यक्रमलाई विश्वका करोडौं दर्शकहरूले दृश्यावलोकन गरेको छ । ग्याली अफ होपलाई नाइजेरियाका राष्ट्रपति मोहम्मद बुहारी, केप भेर्देका राष्ट्रपति जोर्ज कार्लोस फोन्सेका, गुयनाका प्रधानमन्त्री मार्क फिलिप्स, संयुक्त राष्ट्रसंघीय खाद्य कार्यक्रमका निर्देशक डेभिड ब्यास्ली, लेसोथो राजा लेट्सी तृतीय, साउथ अफ्रिकाका पूर्वराष्ट्रपति डे क्लार्क, पूर्वी टिमोरका पूर्वराष्ट्रपति छनाना गुस्माओ, गणतन्त्र भारतका पूर्वउपराष्ट्रपति मोहम्मद हमिद अन्सारी, अक्सफोर्ट विश्वविद्यालयअन्तरगत खोप विज्ञानका प्राचार्य साराह गिल्बर्ट लगायतले सम्बोधन गरेका थिए । अद्भूत डिजिटल प्रविधिमार्फत प्रस्तुत भएको दुई घण्टा ३० मिनेटको कार्यक्रममा विश्वप्रसिद्ध कोरियाली बालकलाकार समूह दी लिट्टिल एञ्जल्सले आफ्नो बेजोड कला प्रस्तुत गरेको थियो ।

कोभिड १९ महामारीले सृजना गरेको प्राबधानका कारण भर्चुअल रुपमा कार्यक्रम संञ्चालन गरेको कार्यक्रम आयोजक समितिका अध्यक्ष डा. युन योङ्ग होले बताए । उनका अनुसार १९४ मुलुकका बीस लाख दर्शक सहभागिहरूलाई भर्च्युअल टिकेट वितरण गरिएको थियो भने कार्यक्रमलाई अनलाइन तथा अन्य टेलिभिजन,सामाजिक सञ्जालमार्फत दश करोडभन्दा बढी दर्शकहरूले हेरेका थिए । सम्मेलनमा 'अन्तरनिर्भरता, पारस्परिक समृद्धि र विश्वव्यापी मूल्यमान्यता' बिषयमा बक्ताहरूले आफ्नो घारणा राखेका थिए । सम्मेलनले मानव हित तथा पृथ्वीको भविष्य उत्तरदायी नेतृत्वको हातमा निर्भर रहेको कुरामा जोड दिएको थियो ।

सम्मेलनका वक्ताहरूले संसारले भोग्नु परेको अकल्पनीय महामारी र चुनौतिहरूको सामना गर्न तथा विश्व र मानवतालाई आशाको सन्देश प्रवाह गर्नका लागि आपसी सहयोग तथा सहकार्यका लागि अपिल गरेका छन् । यूपिएफकी सहसंस्थापक, डा. हाकजा हानमुनले आज मानवताले भोग्नु परेको आधारभूत समस्याहरूको जड भनेको स्वार्थी इच्छाहरू र असीमित लोभ भएको भन्ने कुरालाई पटक पटक दोहोर्‍याएकी थिइन् ।

नियात्रा

# ग्रीन सिक्किम, क्लिन सिक्किम, ब्युटी सिक्किम

✍ - रामप्रसाद पन्त

'कता बसेका छन् हाम्रा बराजु भानुभक्त ? भेट्नु त पर्‍यो नि ! आशीर्वाद पनि लिनुपर्‍यो ।' – बिहानैदेखि चर्चा भएको थियो हामीहरूबीच ।

दिन थियो– २०७१ साल चैत्र १५ गते र स्थान थियो – सिक्किम मध्यबजारको होटल म्याग्नोलिया ।


एउटा अचम्मको कुरा– सिक्किममा पनि भानुभक्त बस्छन् भन्ने धेरैलाई थाहा रहेछ तर कहाँ बस्छन् भन्ने कसैलाई थाहा रहेनछ । यसको अर्थ हाम्रो यात्रासमूहका कुनै पनि सदस्य सिक्किम पुगेका रहेनछन् । सिक्किम साहित्य परिषद्को तर्फबाट हामीलाई बिहान कतै भ्रमणमा लैजाने योजना नभएकोले परिषद्का सदस्यहरू त्यहाँ उपस्थित नहुँदा पनि हामीलाई समस्या परेको थियो ।

कति नै ठूलो छ र गान्तोक बजार ! बटुवालाई सोधेर पनि त भानुभक्त निवास पत्तो लगाउन सकिएला नि ! भन्ने सोचेर हामी निस्कियौं होटलबाट बिहान ८ बजे ।

फलामे बार बाहिरपट्टिको फुटपाथ प्रयोग गरेर उकालो लाग्दै गर्दा बाटोमा पुलिस हेडक्वार्टर भेटियो, सुप्रिमकोर्ट भेटियो, मुख्यमन्त्रीको कार्यालय मेनन भवन भेटियो, एसम्ब्ली हाउस भेटियो । ठाउँठाउँमा आउने आकासे पुल (ओभरहेड ब्रिज)हरू नाघ्दै अगाडि बढ्दै गर्दा टाइटानिक पार्क, मिलेनियम पार्क जस्ता हरित उद्यानहरू बाटोको माथिपट्टि देखिए र झन्डै ५ सय मिटर तल पाल्जोर स्टेडियम पनि देखियो ।

तानसेन जस्तै डाँडोमा बसेको गान्तोकको संरचना अद्भुत लाग्दै थियो मलाई । भीर-पाखामा पनि बनेका छन् घरहरू र ती पक्की घरहरूको माथिल्लो छत जस्ताले ढाकिएको छ । घरहरूमा जस्ताको टोपी लाइनु नै सिक्किमको पहिचान रहेछ र त्यो पहिचान स्थापित गर्नका लागि सरकारले अनुदान दिंदो रहेछ ।

हामी जिरो प्वाइन्टमा पुगेछौं ।




बाटोमाथिपट्टि ठिङ्ग उभिएका देखिए भानुभक्त । बिचरा भानुभक्त ! एउटा ओत पनि पाएका रहेनछन् । करिब आधा रोपनी खुल्ला चौर भोगबन्धकीमा परेको मा उभिएका भानुभक्तआश्रित जग्गा सुरक्षित देखिएन । हामी केहीबेर बेन्चमा बसेर सुस्तायौं र भानुभक्तलाई बीचमा पारेर एकल वा सामुहिक फोटोहरू खिच्यौं । भानुभक्तको त्यो सालिक २३ जुलाई १९८९ मा बनेर तत्कालीन मुख्यमन्त्री नरबहादुर भण्डारीबाट अनावरण भएको रहेछ । त्यसयताका पच्चीस वर्षमा बार लगाउने काम पनि हुन सकेनछ ।

मेरो नजर त्यहीँ मुनि बाटो छेउमा ठडिएको मार्गसूचक स्तम्भमा पर्‍यो । हामी उभिएको ठाउँ गान्तोकको केन्द्रविन्दु, अर्थात् जीरो प्वाइन्ट । त्यहाँबाट दक्षिण सिलगढी ११६, राङ्गपो ४१, रानीपुल ११ किलोमिटर । उत्तरतर्फ नाथुला ५३, सोम्गो ३५, माङ्गन ६८, लाचुङ १२३ किलोमिटर । चीन र भारतको सिमाना छोड्बु क्षेत्र पुग्न भने लामो यात्रा तय गर्नुपर्दो रहेछ ।

फर्कने बेलामा माथिल्तिरबाट चार/पाँचवटी बहिनीहरू त्यही भानुभक्तचर्चित भूमि हुँदै ओर्लिए । फरासिला र गोरा ती बहिनीहरूले सोधिहाले । उनीहरूले हामी नेपालबाट आएको पत्तो पाइसकेछन् । भनिहाले– 'नत्र यस ठाउँमा अरु को आउँथ्यो ?'

उनीहरू बौद्धगुम्बा गएर आएका रहेछन् । भन्दै थिए– 'टाढा छैन, तपाईहरू गएर आउन सक्नुहुन्छ । त्यहीँ नजिकैबाट भारत-चीन बोर्डर नाथुला पनि देख्न सक्नुहुन्छ र चाइनाको भूमि पनि अवलोकन गर्न सक्नुहुन्छ ।'

म उत्साहित हुँदै थिएँ उनीहरूको कुराले, तर भ्यालीका बसाहाहरूले आँट गरेनन्, अल्छीको भाषा प्रयोग गरे– 'खाना खाएर ११ बजे कार्यक्रममा पुग्न भ्याइँदैन ।'

फर्कँदै गर्दा बाटोमा सिक्किमबासी मेनुका पौडेल भेटिइन् । उनी राम्री थिइन्, स्मार्ट थिइन् र फरासिली पनि थिइन् । बाटो काट्ने सुयोग मिल्यो । हाम्रा प्रश्नहरूको उत्तर दिँदै थिइन् उनी । शिक्षा र स्वास्थ्यमा सरकारले राम्रो सुविधा प्रदान गरेको रहेछ । पर्यटन विकासका लागि केन्द्र सरकारले पनि सघाउँदो रहेछ । तर सरकारी सेवामा प्रवेश गर्न भने सर्वसाधारणका लागि फलामको ढोका सरह कठिन रहेछ । आफ्नो मान्छे मन्त्री नभएसम्म चिहाउँनै नपर्ने रे ! त्यसै भएर उनी प्राइभेट स्कुलमा अध्यापन गर्दिरहिछन् ।

बाटोमा भेटिएका चर्च र गुम्बाहरूलाई देखेर मैले धर्मको बारेमा पनि जान्न चाहें । पौड्यालको भनाइमा गान्तोकमा बुद्धिष्टहरूको बाहुल्य रहेछ र त्यसपछि क्रमशः हिन्दू, क्रिश्चियन र मुस्लिमको पालो आउँदो रहेछ । तर वृद्धिको अनुपात भने क्रिश्चियनको अत्यधिक रहेछ ।

अर्की सिक्किमेली बहिनी पवित्रा भण्डारीसँग पनि परिचय भएको थियो बाटैमा । उनले पनि हामीलाई साथ दिएकी थिइन् एकछिन । अप्ठ्यारो मानीमानी सरकारी रवैयाको झल्को दिएकी थिइन् उनले – 'सरकारविरोधी नाराजुलुस गरिहाल्न कठिन छ यहाँ । पत्रपत्रिकामा सूचना प्रवाह गर्दा पनि गम्भीर ध्यान पुर्‍याउनुपर्छ यहाँ । सरकारी कार्यशैलीका आलोचकले स्पष्टीकरण दिइरहनुपर्ने अवस्था सिर्जना भइरहन्छ यहाँ ।

हामी मेनन भवनको द्वार, अर्थात् जीवन थिङ मार्गको प्रारम्भ विन्दुमा आइपुगेछौं । अघि शून्यता छाएको द्वारमा अहिले एउटी महिला सैनिक उभिएकी देखिइन् । उनको नाम रहेछ– उमा रेग्मी । उनले भनिन् – 'मुख्यमन्त्री पश्चिम सिक्किमको भ्रमणमा रहनुभएकोले चहलपहल नभएको ।' हामीले अनुरोध गर्‍यौं, उनी सामूहिक फोटो खिचाउन तयार भइन् ।

साढे नौ बज नै फर्कियौं हामी होटलमा । साढे दस बजे खाना खाएर एघार बजे कार्यक्रम स्थलमा पुग्नुपर्ने हामीहरू एक घण्टा के गरेर बस्ने होटलमा ? यो समय सदुपयोग गर्न पाएको भए कति राम्रो हुन्थ्यो ? मेरो मन छटपटियो । ममात्र छटपटिएर के गर्ने ? असन्तुष्टि व्यक्त गर्ने मसँग कुनै आधार थिएन । झिनो आशा राखें – कार्यक्रम समाप्तिपछि केही समय बाँकी रहन्छ कि !

(क्रमशः)

# बोकोहरामबाट यसरी उम्किइन् यी किशोरी



**विष्णु भट्टराई**



सात वर्षअघि इस्लामिक लडाकु समूह बोकोहरामले नाइजेरियाको एक स्कुलको छात्रवासबाट सयौँ किशोरीलाई अपहरण गरी जंगलमा लुकाएको थियो । जहाँबाट ती किशोरीहरू जीवितै फर्कने कसैले कल्पनासमेत गरेका थिएनन् । तर, अपहरणमा परेको तीन वर्षसम्मको लगातार टकराव र धैर्यबाट ती किशोरीहरूले जित हात पार्न सफल भएका थिए । बोकोहरामजस्तो क्रुर आतंकावादी समूहबाट उनीहरूले जीवन रक्षा मात्रै गरेनन् विश्वलाई नै एउटा सन्देश दिएका छन् 'आत्मविश्वास र संगठित भए जस्तोसुकै परिस्थितिलाई हराउन सकिन्छ ।'

ती किशोरीहरूले तीन वर्षसम्म बोकोहराम लडाकुले दिएको कठोर यातना सामना गरे । उनीहरूलाई बोकोहरामको कब्जाबाट छुटाउन अमेरिकाका तत्कालीन राष्ट्रपति बाराक ओबामकी श्रीमती मिसेल ओबामाले सामाजिक सञ्जालमा अभियान नै चलाइन् । मिसेल ओबामाले ह्यासट्याग 'ब्रिङ ब्याक आवर गर्ल्स' (हाम्री छोरीहरूलाई फर्काउनुपर्छ) ट्विट अभियान चलाएकी थिइन् । यस ह्यासट्यागमा विभिन्न क्षेत्रबाट सहयोग भयो । अभियानकै कारण बोकोहरामको अधिपत्य रहेको जंगलबाट ती बन्धक किशोरीहरूले नयाँ जीवन पाए ।

यही पृष्ठभूमिमा उनै बहादुर युवतीहरूको कथा समेटिएको पुस्तक अर्को महिना बजारमा आउँदै छ । 'ब्रिङ ब्याक आवर गर्ल्स' नामको पुस्तकमा दुई सय महिलाको बोकोहरामद्वारा दिइएको यातना र उनीहरूविरुद्धको लडाइँ सम्बन्धमा उल्लेख छ । पुस्तकअनुसार बोकोहरामले पश्चिम नाइजेरियाको चिवुक राज्यको स्कुलबाट दुई सय किशोरीलाई अपहरण गरेको थियो । यस घटनालाई पछिल्लो दशककै सबैभन्दा कुख्यात सामूहिक अपहरणका रूपमा लिने गरिन्छ ।

ब्रिङ ब्याक आवर गर्ल्स पुस्तकका सहप्रकाशक जोए पार्किसनले अपहरणमा परेका दुई सय किशोरीकै कथालाई प्रमुख आधार बनाएका छन् । 'हामी पुस्तकको माध्यमबाट ती किशोरीहरू बोकोहरामजस्तो आतंककारी समूहबाट कसरी उम्कन सफल भए भन्ने कथा भन्न चाहन्छौँ,' पुस्तकका सहप्रकाशक पार्किसनले भने, 'उनीहरूलाई मुक्त पार्न किन यति लामो समय लाग्यो, आफैँमा रहस्यमयी विषय हो । तर, सामाजिक सञ्जालको अभियानले नै उनीहरूलाई मुक्त पार्न सकिएको हो ।'

यस पुस्तकमा थप एक सयभन्दा बढीको अन्तर्वार्ता समावेश छ । जसमा विद्यार्थी, अपहरणमा परेका किशोरीका परिवार तथा पूर्वसैनिक अफिसरको अन्तर्वार्ता राखेको उनले बताए । अपहरणमा परेकीमध्ये एक विद्यार्थी नाओमी अडमुले पूरै समय बहादुरी देखाएको उल्लेख छ । कालो पहिरनमा आएका समूहले स्कुलबाट अपहरण गरेको नाओमी बताउँछिन् । 'उनीहरूले हामीलाई कालो कपडाले पूरै शरीर छोपे, त्यसपछि कहाँ लगियो थाहा भएन,' नाओमी भन्छिन् । अपहरणको समयमा गोप्य रूपमा नाओमीले दैनिक डायरी लेख्न छुटाइनन् । संयोग कस्तो रह्यो भने अपहरणमा पर्दा उनीसँग एउटा नोटबुक थियो ।

उनी यसै नोटबुकको माध्यमबाट सामाजिक सञ्जालमा जोडिइन् । नाओमीले नोटबुकमै डायरी लेख्थिन् । नाओमीसँग नोटबुक भएको लडाकुहरूले सुइँकोसम्म पाएका थिएनन् । समयसमयमा बोकोहराम लडाकुहरूले युवतीहरूलाई भनेको कुरा नमान्दा मार्ने धम्की दिने गरेको नाओमीको भनाइ छ । 'हामीहरूको बुद्धि बिगार्ने काम भएको थियो, उनीहरू धर्म परिवर्तन गर्न दबाब दिन्थे, लडाकुहरूसँग विवाह गर्नुपर्ने र सन्तान जन्माउनुपर्ने कुरा गर्थे, यी कुराहरू नमान्दा हामीले पटकपटक राइफल र बुटको सामना गर्नुपर्‍यो ।' नाओमीले पुस्तकमा भनेकी छिन्, 'बोकोहरामको धम्की सहन नसकेकाहरूले विवाह गरे, कैयौँ साथीहरू यौन दुर्व्यवहारको सिकार भए ।' यद्यपि बोकोहरामले अपहरणमा राखेका किशोरीहरूलाई दासका रूपमा प्रयोग मात्र गरेनन् श्रमदानसमेत गराएको उनले बताइन् ।

सन् २०१४ मा देखापरेको बोकोहरामले विश्वलाई देखाउन अपहरण तथा निर्दोष व्यक्तिको ज्यान लिने गर्दै आएको छ । सन् ०१५ को मध्यतिर बोकोहरामले नाओमी र केही किशोरीलाई मार्ने धम्की दिइएको पुस्तकमा उल्लेख छ । तर, उनीहरू डराएनन् । एक-आपसमा हौसला आदानप्रदान गर्दै लडाकुविरुद्ध लड्ने घोषणा नै गरे । यसको नेतृत्व स्वयं नाओमीले नै गरिन् । उनी भन्छिन्, 'त्यहाँ भएकामध्ये म सबैभन्दा जेठी थिएँ, यसकारण म नै नेता भएँ ।' बोकोहरामका लडाकुहरूले सूक्ष्म रूपमा नाओमी र उनीहरूको विद्रोह अभियानको सूचना संकलन गरिरहेका थिए ।

किशोरीहरूको अभियान बिस्तारै दरिलो हुँदै गयो । यस अभियान समाप्त पार्न बोकोहरामले उनलाई पुनः एकपटक मार्ने धम्की दियो । 'यसबीच ममाथि सांघातिक आक्रमण भएको थियो, उनीहरूले मलाई मार्ने मात्र धम्की दिएनन्, कुट्नेसमेत काम गरे,' नाओमी घटना सम्झिन्छिन्, 'तर, उनीहरूले मलाई जीवनरक्षाको एउटा प्रस्ताव राखे, कुनै पनि लडाकुसँग विवाह गर्दा सबै गल्ती माफ गर्ने । मैले स्वर्ग वा पृथ्वीको कुनै पनि स्थानमा उनीहरूसँग विवाह नगर्ने र कुनै प्रस्ताव स्वीकार नगर्ने प्रत्युत्तर दिएँ ।'

नाओमीले पूरै तीन वर्ष बोकोहरामका नेताहरूलाई कमजोर हृदय भएका व्यक्ति भनेर सम्बोधन गरिन् । नाइजेरियन, बेलायत र अमेरिकाका संयुक्त सैनिक अभियानपछि बोकोहराम पराजित भयो । यस अभियानमा नाइजेरियका राष्ट्रपति र अन्य पार्टीको ठूलो सहयोग थियो । बेलायती एउटा विमानले किशोरीहरूको उद्धार गरेको थियो । बोकोहरामको हेडक्वार्टरमा दुईपक्षीय लडाइँ हुँदा १० किशोरीले ज्यान पनि गुमाएका थिए । ३० जना घाइते भएका थिए । सबैतिरको दबाबपछि बोकोहरामले बन्धक बनाएका किशोरीहरूलाई छाड्न बाध्य भएको पुस्तकमा उल्लेख छ ।

तीन वर्षको बन्दी जीवनबाट मुक्त हुँदा ती किशोरीहरू निकै खुसी भए । त्यसवेला पनि बोकोहरामले उनीहरूलाई एउटा प्रस्ताव राखेको थियो । बाहिरिँदा हिजाब अनिवार्य रूपमा लगाउनुपर्ने र क्रिस्चियन धर्म अपनाउनुपर्ने । किशोरीहरूले दुवै प्रस्ताव मानेनन् । ब्रिङ ब्याक आवर गर्ल्सका सहप्रकाशक पार्किसनले पुस्तकमा उल्लेख गरेका छन्, 'त्यसवेला पनि लडाकुहरूले प्रस्ताव स्वीकार नगरे मृत्युदण्ड दिने चेतावनीसमेत दिएका थिए ।'

पार्किसन घटनाको प्रत्यक्ष अनुसन्धान गर्न घटनास्थलमै पुगेका थिए । यसक्रममा उनले जंगलमा कैयौँ महिलाको शव देखेको बताए । उनी लेख्छन्, 'जंगलको एउटा क्षेत्रमा पुग्दा धेरै शव गन्हाएको अवस्थामा देखियो, त्यो दृश्य मन छुने थियो ।'

तीन वर्षपछि बाहिरी संसार देखेकी नाओमीले लडाकुहरूसँग निकै रिसाएको प्रतिक्रिया पुस्तकमा दिएकी छिन् । 'ममा यति आत्मविश्वास थियो, जस्तोसुकै परस्थितिमा पनि उनीहरूसँग लड्ने हिम्मत थियो, किनभने म अपहरणमा परेकी थिएँ । ज्यानै जाने भएपछि बहादुरीका साथ लडेर सहिद हुनुपर्छ,' नाओमीले भनिन्, 'हामीसँगै रहेका ३० जना साथीलाई धर्म परिवर्तन तथा लडाकुसँगै विवाह गराएपछि म झनै उग्र भएँ ।' नाओमीले एकैपटक लड्न नसकिने भएपछि समूह-समूह बनाएर लडाकुविरुद्ध रणनीति बनाएको बताइन् ।

नाओमीले बोकोहरामबाट रिहा भएको दिनलाई 'खुसीको दिन' भनेकी छिन् । त्यसवेला उनीसँगै अन्य युवतीहरूले 'चिवुक गीत' गाएका थिए । नाओमी कहालीलाग्दो दिन जतिपटक नसम्झने प्रतिज्ञा गरे पनि ध्यान उतै जाने गरेको बताउँछिन् । अहिले उनी परिवारका साथ खुसी जीवन बिताइरहेकी छिन् ।

अझै पनि उनी नाइजेरियामा महिला सुरक्षित नरहेको उनी मान्छिन् । तीन वर्षको बीचमा बोकोहरामले १० हजार युवालाई अपहरण गरी लडाकु बनाएको नाओमी बताउँछिन् । 'हाम्रो समस्या भनेको चिवुक क्षेत्र नाइजेरियाको सबैभन्दा असुरक्षित क्षेत्र हो । यदि यहाँ केही परिवर्तन भएन भने अझै मजस्ता कैयौँ किशोरी अपहरणमा पर्न सक्छ,' नाओमीले ब्रिङ ब्याक आवर गर्ल्समा भनिन् ।

*-एजेन्सीको सहयोगमा*

# म्यानमारको राजकुमारीहरूको साहस




सैनिक शासकको विरोध गर्दै म्यानमारमा दिनप्रतिदिन आन्दोलन चर्किरहेको छ । प्रजातन्त्रवादी नेतृ आङ साङ सुकी समर्थितहरूले देशका विभिन्न सहरमा सैनिक शासकको विरोध जनाइरहेका भिडियो, तस्बिर अन्तर्राष्ट्रिय समाचार माध्यमहरूले दिइरहेका छन् ।

यसैबीच आन्दोलनको पाँचौं दिन (बुधबार) फरक किसिमको दृश्य देखिएको थियो । सैनिक शासनको विरोधमा किशोरीहरू फ्यान्सी ड्रेस (राजकुमारीले लगाउनेजस्तै पोसाक)मै आन्दोलनमा उपस्थित भएका थिए । हजारौं किशोरी बल गाउन लगाएर म्यानमारको मुख्य सहर यांगुनमा उत्रिएका छन् ।

स्थानीय भाषामा यसलाई 'राजकुमारीको विरोध' भन्ने गरिन्छ । ती फ्यान्सी ड्रेसमा आन्दोलन गरिरहेका किशोरीले सैनिकको कुटपिट र लोकतन्त्र हननका कारण विरोध गर्न सडकमा आउनुपरेको प्रतिक्रिया दिएका छन् । 'हामी सैनिकहरूको कुटपिटको विरोध प्रदर्शनमा भाग लिइरहेका छौँ, विरोधको शैली यो ड्रेस पनि एक हो,' एक किशोरीले बिबिसीलाई भनिन् । फ्यान्सी ड्रेस लगाएका महिलाको कार्यक्रमको भिडियो सामाजिक सञ्जालमा भाइरल बनेको छ ।

बिबिसीका अनुसार बुधबार बिहानदेखि नै सडकमा आन्दोलनकर्मी उपस्थित भएका छन् । प्रहरीले आन्दोलनकारीविरुद्ध लगातार दोस्रो दिन पनि रबर गोली तथा टियर ग्यास प्रयोग गरिरहेको छ ।

गत आइतबार म्यानमारको सेनाले निर्वाचित प्रजातान्त्रिक सरकारलाई हटाएर शासनसत्ता हातमा लिएको थियो । सेनाले एक वर्षका लागि सैनिक शासन रहने दोहोर्‍याउँदै आएको छ ।

'कु'को विरोधमा सरकारी कर्मचारी पनि आन्दोलनमा उत्रिएका छन् । निजामती कर्मचारी दैनिक अफिस जानुको सट्टा सडकमा पुग्ने गरेका छन् । सैनिक प्रमुख मिङ ओङ हेङले सरकारी कर्मचारीलाई कुनै पनि आन्दोलनका कार्यक्रममा सहभागी नहुन आदेश दिएका छन् । सरकारी कर्मचारी आन्दोलनमा सहभागी भएको सूचना प्राप्त भए कडा कारबाही गर्ने सैनिक प्रमुख मिङ ओङले चेनावनी दिएका छन् । सैनिक प्रमुख मिङ ओङले कानुन तोड्ने जोकोही पनि कारबाहीमा पर्ने बताएका छन् । उनले आन्दोलनकारीसँग वार्ता गरेका छैनन् । तर, सरकारी टेलिभिजनमा दिएको एक अन्तर्वार्तामा भने कानुन तोड्ने सबै कारबाहीमा पर्ने उद्घोष गरेका छन् ।

यद्यपि, सैनिक प्रमुखले चेतावनी दिए पनि विभिन्न सामाजिक संस्थाहरूले निजामती कर्मचारीहरूलाई लोकतन्त्र रक्षा गर्न सहयोग गर्नुपर्ने अपिल गरेका छन् । यसक्रममा ती संस्थाहरूले 'डन्ट गो अफिस' अफिस नजान भनी नारा लगाएका छन् । यसैबीच द नेसनल न्युजले आन्दोलन नियन्त्रणमा लिन खटिएका सैनिकहरू तीन लेयरमा रहेको जनाएको छ । सबैभन्दा अगाडिको समूहको हातमा फलामे डन्डी हुनेछ । त्यसपछिका सैनिकले टियर ग्यास बोकेका हुनेछन् । अन्तिम चरणमा गस्ती गर्ने सैनिकसँग रबर गोलीयुक्त बन्दुक रहेको द नेसनल न्युजले जनाएको छ ।

यो घेरासँगै पानीको फोहोरा फ्याँक्ने भ्यान हुनेछ । सेनाले यसै रणनीतिअनुरूप म्यानमारको विभिन्न सहरमा गस्ती गरिरहेको छ । सबैभन्दा बढी सैनिक राजधानीमा तैनाथ छन् । यसैबीच सुरक्षाकर्मीको कारबाहीमा दुई प्रदर्शनकारीको अवस्था गम्भीर भएको बताइएको छ । जसमा एक विद्यार्थी र एक डाक्टर छन् । ती दुवै प्रदर्शनकारी रबर गोलीबाट घाइते भएका हुन् ।

बिबिसीका अनुसार बुधबार भइरहेको प्रदर्शनमा एक लाखभन्दा बढी जनता सडकमा ओर्लिएका छन् । प्रदर्शनमा बौद्ध भिक्षु, शिक्षक तथा विभिन्न क्षेत्रमा आबद्ध व्यक्ति सहभागी छन् । आन्दोलनकारीहरूले नेतृ आङ साङ सुकीलगायत शीर्ष नेताको रिहाइ तथा म्यानमारमा अपदस्थ भएको सरकार पुनर्बहाली गर्नुपर्ने माग गरेका छन् ।

*-एजेन्सीको सहयोगमा*

# अनावश्यक भेट



मुल्ला नसरुद्दिन कोठाभित्र थिए । कोठा बाहिरबाट आवाज आयो कोही आइरहेको छ । एकै क्षणमा ढोका ढकढक गर्‍यो । नसरुद्दिनले हतार हतार क्याप लगाए । जुत्ता लगाए र हातले लौरो समाए, कोट पनि पहिरिए अनि विस्तारै ढोकातर्फ बढे । उनले आफ्नो कोठाको ढोका खोले । ढोका अगाडि आफ्नै एक मित्र देखा परे । नसरुद्दिनले उनलाई भित्र आउन आग्रह गरे । मित्र कोठाभित्र पसे ।

मित्रले नसरुद्दिनलाई सोधे तपाईं के गर्दै हुनुहुन्थ्यो ? नसरुद्दिनले उत्तर दिए- म भर्खर बाहिर आउँदै थिएँ । मित्रले नसरुद्दिनलाई नियाले- उनको कोट पनि राम्ररी मिलेको थिएन । एउटा बाहुलामा मात्र हात पसेको थियो । क्याप पनि छड्के पारेर लगाएका थिए । जुत्ता त दाहिने देब्रेतिर देब्रे दाहिनेतिर पारेर लगाएका थिए । उनको यस्तो विचित्र वेशभूषाले बताउँथ्यो नसरुद्दिन हतारमा थिए । मित्रले सोचे यो मान्छे मलाई ढाँट्दैछ । यस्तो ड्रेसअपमा यो कसरी बाहिर जान सक्छ ?

मित्रले फेरि सोधे- हैन, तिमी मलाई ढाँट्दै छौ । तिमीले लगाएका कपडा जुत्ता क्याप समेत मिलेको छैन । यसतो हालतमा तिमी बाहिर गएको हुनै सक्दैन । नसरुद्दिनले हाँस्दै भने- तिमीले ठीक भन्यौ, हो म यहीँ थिएँ । मलाई बेकारमा गफ गरेर समय बिताउन मन लाग्दैन । बाहिर अनावश्यक मान्छे कोही आएको छ भने म उसलाई भनिदिन्छु- म बाहिर जान लागेको छु । यति भनेपछि ऊ ढोकाभित्र पस्दैन र म बेकारको झन्झटमा फस्दिनँ । आगन्तुक चिनेको, मित्र वा कुनै सहयोगी भए म उसलाई भर्खर बाहिरबाट आएको भन्छु । ऊ बस्छ, गफागफ हुन्छ, रमाइलो बन्छ वातावरण । मेरो पछाडितिर पनि ढोका सधैं खुला रहन्छ । म त्यतैबाट बाहिर निस्कन्छु । अनाहकमा कामै नलाग्ने मान्छेसँग बसेर कुरा गर्नु जस्तो अल्छी मलाई केही लाग्दैन ।

# सक्षमताको परीक्षण



कुनै राजा थिए । जो वृद्ध भइसकेका थिए । उनका तीनजना सन्तान थिए । तीनैजना छोराहरू बाबुपछि आफू राज्यको उत्तराधिकारी हुन चाहन्थे । राजा अप्ठेरोमा थिए । कुन छोराले राम्ररी राज्य चलाउँछ भन्नेमा उनी एकिन थिएनन् । छोराहरू लाडप्यारमा हुर्किएका थिए । उनीहरू जनताभन्दा टाढा थिए । राजकाज अनुभव कसैसँग पनि थिएन ।

राजाले उत्तराधिकारी कसलाई घोषित गर्ने भन्नेबारेमा सल्लाह लिन एक गरिब किसानलाई दरबारमा बोलाए । किसानले राजालाई सल्लाह दिए । उनले वास्तविक उत्तराधिकारी त्यो मात्र हुन सक्छ, उसले मात्र राज्य चलाउन सक्छ भनेर राजालाई तीनैजना छोराको परीक्षा लिन सल्लाह दिए । किसानले भनेअनुसार तीनजना छोराका लागि तीन बोरा गहुँ दरबारमा मगाइयो ।

राजाले तीनैजना छोराहरूलाई बोलाएर भने- म बूढो भइसकेँ । अब म तीर्थयात्रा गर्न जाँदैछु । तीर्थयात्रा गर्न एक वर्ष लाग्छ । म तीर्थबाट नफर्कुन्जेल तिमीहरूले यो गहुँ सुरक्षित राख्नु । जसले गहुँ सुरक्षित राख्न सक्छ उसैले मेरो शेषपछि राज्य चलाउन पाउनेछ । छोराहरूलाई एकएक बोरा गहुँ दिएर राजा तीर्थयात्रामा निस्किए ।

राजा गएपछि जेठा छोराले आफूलाई दिएको गहुँ दरबारकै एउटा कोठामा तालाबन्दी गरेर सुरक्षित गर्ने विचार गर्‍यो । माइलो छोराले गहुँ त्यत्तिकै राखे कीरा पर्छ भन्ने सोच्यो र उसले अलिपर खाली जमिनमा छरिदियो । उसले गहुँ छरेपछि फेरि फल्छ भन्ने बुझेको थियो । कान्छाले भने निकै परको खेतमा खनजोत गरेर गहुँ छरिदियो । बूढा राजा तीर्थबाट फर्किए । जेठा छोराले बन्दकोठामा राखेको गहुँतर्फ बाबुलाई देखाउन लगे । गहुँ सबै कुहिइसकेको थियो । माइलालो खेतमा छरेको गहुँ देखाउन लग्यो तर गहुँका बोक्रामात्र भेटिए । त्यसपछि कान्छाले आफूले खनजोत गरेर गहुँ छरेको खेतमा बाबुलाई देखाउन लगे । गहुँ लटरम्म फलेको थियो खेतमा । दसौं बोरा गहुँ तयार भएको थियो । राजाले गहुँको बोरा कोठामा थुनेर राख्ने, बिना खनजोत गहुँलाई खेतमा छर्ने दुवै छोरालाई गाली गरे । अनि मेहनतले गहुँ फलाउने कान्छलाई उत्तराधिकारी घोषित गरे ।

प्रेरक

## कामको प्रचार किन ?



भारतका द्वितीय प्रधानमन्त्री लालबहादुर शास्त्री चर्चामा आउन पटक्कै चाहँदैनथे। उनी पत्रपत्रिकामा आफ्नो तस्बिर र नाम छापिने स्थिति भरसक नआओस् भन्ने चाहन्थे। उनी एक सफल राजनीतिज्ञ हुनुका साथै समाजसेवी पनि थिए। उनी सादा जीवन, उच्च विचारका पर्याय नै थिए।

एक दिन उनका एक निकट मित्रले सोधे– शास्त्रीजी, तपाईं किन पत्रपत्रिकाबाट टाढै बस्न रुचाउनुहुन्छ ? के तपाईं पत्रपत्रिकामा नाम छपाउन डराउनुहुन्छ हो ? कम्तीमा पनि तपाईं आफूले गरेका राम्रा कामबारे त प्रचारप्रसार गराउनुहोस्।

मित्रको प्रश्नले शास्त्री एकैछिन सोचमग्न भए। एकैछिन गमेर उनले जवाफ दिए– त्यस्तो होइन मित्र। म पत्रपत्रिकामा नाम छपाउन डराउन त डराउन्नँ। तर, मलाई कामभन्दा प्रचार बढी गरेको मन पर्दैन। मलाई एकपटक लाजपत रायले भन्नुभएको थियो– हेर लालबहादुर, संसारलाई मोहित बनाउन सफल संसारकै अनौठो संरचना तथा अमर प्रेमको प्रतीक ताजमहलमा दुई प्रकारका ढुंगा प्रयोग भएका छन्।

एकथरी बाहिरी चम्किला संगमर्मरका ढुंगा छन्, जसलाई संसारले देख्छ। जसको तस्बिर खिचेर संसारभर पुऱ्याइन्छ। तर, त्यही ताजमहलको भित्री जगमा यस्ता ढुंगा पनि छन्, जसले युगौँयुग जमिनको अँध्यारो गर्तमा पुरिएर पनि ताजमहललाई थामिरहेका छन्। हो, जीवनमा अँध्यारै अँध्यारो भए पनि ताजमहललाई थामिरहने जगका तिनै ढुंगाजस्तो बन्न चाहन्छु म। आखिर नामको प्रचार गरेर पाउनु नै के छ र ?

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

स्रोतसाधन जुट्नाले दिन उत्साहजनक रहनेछ। दिगो फाइदा हुने काम प्रारम्भ हुनेछ। परिस्थितिसँग सम्झौता गर्नुपरे पनि प्रयत्न गर्दा लक्ष्यमा पुग्न सकिनेछ। मेहनतले प्रतिस्पर्धाको दौड जिताउन सक्छ। नयाँ योजना शुभारम्भ गर्ने समय छ। बुद्धिको उपयोगले पहिलेको उपलब्धि जोगाउन सफल भइनेछ। शत्रुता साध्नेहरू स्वयं कमजोर हुनाले फाइदा हुनेछ।

### वृष

प्रयत्न गरेका काम सजिलै सम्पादन हुनेछन्। अध्ययनमा राम्रो उपलब्धि हासिल हुनाले बौद्धिक प्रतिस्पर्धामा विजयी भइनेछ। प्रतिष्ठित काम सम्पादन हुनेछ। सेवामूलक कामबाट धनलाभ हुनेछ। स्वास्थ्य सबल रहनेछ। पशुपालन तथा कृषि क्षेत्रबाट पनि राम्रो लाभ मिल्नेछ। सन्तान वा अनुयायीले राम्रो साथ दिनेछन्। फाइदाको स्रोत पहिल्याउन सकिनेछ। बोलीमा लगाम नलगाउनाले मित्र तथा आफन्तहरु चिढिन सक्छन्।

### मिथुन

पुरानो सम्झौता तोड्नुपर्ने हुन सक्छ। अनावश्यक हल्लाको पछि लाग्दा व्यर्थैमा दुःख पाइनेछ। प्रक्रिया नमिल्नाले काम दोहोर्याउनुपर्ला। बेसुरमा दिइएको वचनले समस्या निम्त्याउला। साइनो गाँस्नेहरूको भरपर्दा लक्ष्य प्राप्ति नहुन सक्छ। समयमा सजग नबन्दा शुभचिन्तकहरू समेत टाढिनेछन्। दिगो योजनाका साथ अघि बढ्दा बिस्तारै लाभ मिल्नेछ।

### कर्कट

सहयोगीहरूले साथ दिनाले चिताएका काम सम्पादन हुनेछन्। परिश्रमअनुसार राम्रो परिणाम प्राप्त हुनेछ। प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ। थोरै लगानीबाट पनि नाफा कमाउन सकिनेछ। मिहिनेत गर्दा उद्योग र व्यापारमा विशेष फाइदा उठाउन सकिनेछ। अरूलाई प्रभावित पारेर काम बनाउने समय छ। राम्रो कर्मफल प्राप्त हुनाले मन प्रसन्न रहनेछ।

### सिंह

अवसर आए पनि आत्मविश्वासको कमीले पछि परिनेछ। खर्च हुने डरले सताउन सक्छ। सामान्य आम्दानी भए पनि काम पूर्ण सम्पादन नहुन सक्छ। आफ्ना कमजोरीबाट अरूले फाइदा उठाउने चेष्टा गर्नेछन्। तापनि सम्पादित कामबाट केही धन लाभ हुनेछ। मिहिनेतले आम्दानी बढ्नेछ। तर, विवादास्पद जिम्मेवारी वहन गर्नुपर्ने परिस्थिति आउन सक्छ।

### कन्या

परिवेश उल्लासमय रहे पनि जीवनशैली व्यस्त रहनेछ। भेटघाटमा अलमलिनाले काममा बाधा हुनेछ। अवसर प्राप्त भए पनि आत्मविश्वासको कमीले पछि परिनेछ। तापनि मिहिनेत गर्दा पछिका लागि काम गर्न सकिनेछ। स्वास्थ्यका लागि खानपानमा सजग रहनुहोला। सानातिना समस्यामै अल्झनुपर्नेछ। अरूले आफ्ना कमजोरीको फाइदा उठाउने चेष्टा गर्नेछन्।

### तुला

भैपरी आउने खर्चले चिन्ता बढाउन सक्छ। सुरक्षाका लागि फाइदाका वस्तु त्याग्नुपर्ला। कर्जामार्फत धन र आवश्यकताका वस्तु जुटाउन सकिनेछ। तत्काल फाइदा लिँदा लाभांश अरूलाई पनि बाँड्नुपर्ला। आफ्नो मिहिनेतको प्रतिफल अरूले हत्याउने चेष्टा गर्नेछन्। अवसरको खोजीमा केही दौडधुप गर्नुपर्ला। सरसापट र सहयोगमा केही नगद बाहिरिने देखिन्छ।

### वृश्चिक

श्रमको उच्च मूल्यांकन हुनेछ। पहिलेको आम्दानी प्राप्त हुनाले उत्साह जाग्नेछ। आवश्यक भौतिक साधन जुट्नाले नयाँ काम थालनी हुनेछ। दिगो फाइदा हुने काम प्राप्त हुन सक्छ। आयस्रोत बढ्नुका साथै पछिका लागि पनि सामान्य लगानी गर्न सकिनेछ। कृषि, पशुपालन तथा व्यापारमा मनग्य आयआर्जन हुनेछ। सञ्चित धन उपयोग गर्दा पनि फाइदा हुनेछ। आयभन्दा व्यय बढी हुने भएकाले खर्च जोगाउनु उपयुक्त देखिन्छ।

### धनु

भाग्यवश कीर्तिमानी काम गर्ने अवसर प्राप्त हुनेछ। आफ्नो क्षेत्रमा राम्रै प्रभाव जमाउन सकिनेछ। दाम र प्रतिष्ठा कमाउने बेला छ। सामाजिक दायित्व बढ्नेछ। भूमि, वाहन र पैत्रिक सम्पत्तिबाट लाभ मिल्नेछ। व्यापारमा पनि प्रशस्त फाइदा हुनेछ। प्रयत्न गर्दा महत्त्वपूर्ण वस्तु लाभ होला। सहयोगीहरूले हिम्मत दिलाउनेछन्। प्रतीक्षा गरिएको उपलब्धि प्राप्त हुनेछ।

### मकर

श्रम परे पनि तारिफयोग्य काम गर्दै अरूको उपकार गर्न सकिनेछ। धर्मकर्म तथा सेवामूलक काममा प्रवृत्त भइनेछ। आजको मिहिनेतले भविष्यमा नाम र प्रतिष्ठा दिलाउन सक्छ। साथीभाइको सहयोगले हिम्मत दिलाउनेछ। दिगो फाइदा हुने योजना कार्यान्वयन गर्न सकिनेछ। सामाजिक दायित्व बढ्नेछ। परिस्थिति अनुकूल हुनाले रोकिएको काम बन्न थाल्नेछ।

### कुम्भ

अस्वस्थ शरीर लिएर काममा जुट्नुपर्ने अवस्था आउन सक्छ। बाध्यात्मक परिस्थितिले इच्छाशक्ति कुण्ठित हुनेछ। आफ्ना कमजोरीको फाइदा उठाउनेहरू सक्रिय हुनेछन्। व्यापारिक लगानीमा जोखिम बढ्न सक्छ। गोपनीयता भंग हुनुका साथै धन बाहिरिन सक्छ। स्वास्थ्यका लागि आहारविहारमा ध्यान पुर्याउनुहोला। नतिजा सच्याउन काम दोहोर्याउनुपर्ला।

### मीन

पहिलेको सफलताले हौसला जगाउनेछ। नयाँ कामको प्रस्ताव आउनेछ भने साथ दिनेहरू बढ्नेछन्। बिछोडिएका आफन्तसँग रमाइलो भेटघाट हुनेछ। प्रेम र मित्रताको बन्धन कसिलो हुनेछ। विगतका कमजोरी सुधार गर्ने मौका छ। घरमा सुख र समृद्धिको आगमन हुनेछ। अतिथिका रूपमा सत्कार पाइनेछ। आम्दानी बढाउने काम सुरु गर्न पनि सकिनेछ। समय बलवान छ। सोचेको काम पूरा हुन्छ।

## अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Indolent = अल्छि Since heavy lunch makes me indolent, I prefer light meal during day time (दिउसोको टन्न खानाले मलाई अल्छि वनाउछ त्यसैले म दिउसोको वेला हलुंगो खाना मनपराउछु )

Loutish = अश्लिल पाराको She does not like his loutish behaviour (उनी उश्को अश्लिल व्यवहार मनपराउदिनन )

Muse = गहिरिएर सोच्नु While musing about the past, he ignores everything around him (जवजव उ वितेका दिनतर्फ गहिरिएर सोच्न थाल्छ आफ्नै वरिपरिको कुराहरूको पनि उस्लाई वास्ता हुंदैन )

Niggardly = नाम मात्रको Hundred rupees a month of a niggardly pittance to the elders has no meaning (जेष्ठ नागरिक भनी दिइएको महिनाको १०० रुपैयाको नाममात्रको भत्ताको कुनै महत्व छैन)

Overbearing = आफ्नो इच्छा अरुमाथि लाद्ने वानी, लिडे ढिपि गर्ने वानी As he did not like the overbearing manner of his girlfriend, he broke the friendship (आफ्नो केटी साथीको लिडे ढिपि गर्ने वानीले गर्दा उस्ले उनीसंगको मित्रतालाई त्याग्यो)

Presumptuous = आफूले गरेको निर्णय अरूको लागि मान्य हुनु पर्दछ भन्ने भावना। कसैलाई केही कुराको लागि वाध्य पार्नु Would it be presumptuous of me to ask you to donate ?! (मैले तपाइसंग चन्दा माग्दा कतै तपाईलाई मैले वाध्य पारे भन्ने ठान्नु हुन्छ कि ?!)

Quail= डराएको अनुभव गर्नु She quailed to address a big crowd for the first time in his life ( पहिलो पटक एक ठूलो जमातको अगाडि वोल्न पर्दा तिन्ले डराएको महशुस गरिन )

Ruminate = लगातार चपाइ रहनु, उग्राउनु Goats and cows graze fast and ruminate at leisure (वाखा र गाईहरू छिटोछिटो चर्छन र फूर्सतमा उग्राउछन्)

Strut = घमण्डले फुलेर हिडनु She passed us struted by ignoring our greeting (हाम्रो अभिवादनलाई वास्तानै नगरि उनी हामी हुंदै अगाडि लागिन )

Tumid = क्लिष्ट He presentation is loved by all because he prefers writing less tumid poems (उस्का कविताहरू कम क्लिष्ट भएको हुंदा सबैले उस्का प्रस्तुतिलाई मन पराउदछन)

## Write बाट के के कुरा भन्न सकिन्छ थाहा पाइ राख्नुहोस

Write on both side = दुइतिर लेख्नु To save excessive use of paper he directs us to write on both side धेरै कागज खपत नहोस भन्नाको लागि उस्ले हामीलाई कागजको दुइ तिर लेख्नु भन्छ।

Write capital and small = ठूलो र सानो अक्षरमा लेख्नु Like in English, we don't write capital and small letters in Nepali अंग्रेजीमा जस्तै ठूलो र सानो गरी हामी दुइ किसिमको अक्षर नेपालीमा लेख्दैनौ।

Write column = स्तंभ लेख्नु She writes a special column on environment in our weekly regularly तिन्ले हाम्रो साप्ताहिकमा नियमितरुप वातावरण विषयमा स्तंभ लेख्छिन।

Write script = कथावस्तु लेख्नु Writing script for a film is not an easy job चलचित्रको लागि कथावस्तु लेख्नु सजिलो कुरा होइन।

Write a story = बृतान्त लेख्नु Whenever he travels, writes a story interestingly (जव जव उ भ्रमण गर्छ ज्यादै रोचक यात्रा वृतान्त लेख्छ।

Write the answer = जवाफ लेख्नु She is happy when receives a letter but lazy to write the answer (चिठी प्राप्त गर्दा तिनी निकै खुसि हुन्छिन तर जवाफ लेख्नमा भने अल्छि गर्छिन।

Writing characters = अक्षर लेख्नु Writing Chinese characters is difficult for foreigners (विदेशीहरूको लागि चिनिया अक्षर लेख्नु गाहारो हुन्छ)

Write course book = पाठ्य पुस्तक लेख्नु Some teachers earn well by writing course book (केही शिक्षक हरूले पाठ्य पुस्तक लेखी राम्रै कमाउछन )

Write to somebody = कसैलाइ लेख्नु Please write me often otherwise I miss you very much (मलाइ हरेक दुइ तिन दिनमा लेख्नु गर्नु नत्र मलाई तिम्रो यादले सताउछ )

Write to thank = धन्यवाद भन्न लेख्नु He wrote us simply to thank (उस्ले हामीलाई धन्यवाद भन्न मात्रै लेखेको रहेछ )

## सुडोकु-अंक २१६

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | ९ | ४ | | | | ३ | ५ | |
| | | ३ | | | | २ | | |
| | २ | | ४ | | ७ | | ८ | |
| | | ५ | | ६ | | ४ | | |
| | | | ५ | | ३ | | | |
| | | ९ | | २ | | ६ | | |
| | ५ | | २ | | ९ | | ४ | |
| | | २ | | | | ९ | | |
| | ६ | ८ | | | | ५ | २ | |

## अंक २१५ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १ | २ | ८ | ७ | ९ | ३ | ५ | ६ | ४ |
| ३ | ६ | ४ | २ | ८ | ५ | ९ | १ | ७ |
| ७ | ५ | ९ | १ | ४ | ६ | ३ | २ | ८ |
| २ | १ | ५ | ८ | ७ | ४ | ६ | ९ | ३ |
| ६ | ४ | ७ | ३ | ५ | ९ | २ | ८ | १ |
| ९ | ८ | ३ | ६ | २ | १ | ४ | ७ | ५ |
| ५ | ३ | १ | ९ | ६ | ७ | ८ | ४ | २ |
| ८ | ७ | ६ | ४ | ३ | २ | १ | ५ | ९ |
| ४ | ९ | २ | ५ | १ | ८ | ७ | ३ | ६ |

# समाचार संक्षेप

### सवारी दुर्घटनामा ८ जनाको मृत्यु

काठमाडौं। मोरङ, धादिङ, दाङ, बाँके, कञ्चनपुर र नवलपरासी(पूर्व)का छुटाछुट्टै स्थानमा भएका सवारी दुर्घटनामा परी ८ जनाको मृत्यु भएको छ।

मोरङ, उर्लाबारी नगरपालिका-१ टपुमावा खोलामा ट्रलिले किच्दा सोही ट्क्याटरमा काम गर्ने रतुवा नगरपालिका बस्ने ५१ वर्षीय गौरिमान खड्काको घट्नास्थलमै मृत्यु भएको छ। धादिङ, ज्वालामुखी गाउँपालिका-३ अमराईस्थित सडकमा ट्याक्टरको ठक्करबाट सोही ठाउँ बस्ने बिष्णु अधिकारीकी ११ वर्षीया छोरी बिबेशना अधिकारीको दिउँसो मृत्यु भएको छ।

दाङ, घोराही उपमहानगरपालिका-१८ नवलपुरस्थित सडकमा मोटरसाइकलको ठक्करबाट पैदलयात्री सोही उपमहानगरपालिका-१७ बस्ने १५ वर्षीया अमृता आचार्यको मृत्यु भएको छ। बाँके, राप्ती सोनारी गाउँपालिका-९ ढकरीस्थित सडकमा मोटरसाइकललाई टिपरले ठक्कर दिँदा मोटरसाइकलमा सवार सोही गाउँपालिका-८ बस्ने २५ वर्षीय ढग बहादुर खड्काको मृत्यु भएको छ।

कञ्चनपुर, शुक्लाफाटा नगरपालिका-११ कलुवापुरस्थित सडकमा बसले मोटरसाइकललाई ठक्कर दिँदा मोटरसाइकल चालक भिमदत्त नगरपालिका-१४ बस्ने २५ वर्षीय दिनेश दमाई र मोटरसाइकलमा सवार कृष्णपुर नरगपालिका-२ वाँणी बस्ने २० वर्षीय प्रकाश दमाईको मृत्यु भएको छ।

नवलपरासी (पूर्व), देवचुली नगरपालिका-२ दुम्कौलीस्थित सडकमा ट्रक र अर्को ट्रक एकआपसमा ठक्कर खाई दुबै ट्रकका चालकको मृत्यु भएको छ। मृत्यु हुनेहरूमा पोखरा महानगरपालिका-१५ बस्ने ५१ वर्षीय खिम बहादुर बिक र हेटौंडा बस्ने ३४ वर्षीय राज कुमार न्यौपाने रहेका छन्।

### मृत अवस्थामा फेला

काठमाडौं। काठमाडौं महानगरपालिका-९ गौशला बत्तिसपुतलीस्थित सडक पेटीमा हाल, नाम, थर, वतन नखुलेका करिब ४२ वर्षीय पुरुष मृत अवस्थामा फेला परेका छन्। कैलाली, लम्की चुहा नगरपालिका-१ एकता शिबिर नजिक सोही ठाउँ बस्ने ५२ वर्षीय गणेश थापा सोमबार मृत अवस्थामा फेला परेका छन्। यस्तै काठमाडौं, तार्केश्वर नगरपालिका-३ जितपुरफेदी महादेव खोलामा सोही ठाउँ बस्ने ६२ वर्षीय रामकृष्ण शाही सोमबार मृत अवस्थामा फेला परेका छन्। कास्की, पोखरा महानगरपालिका-२० भलामस्थित मौजा कच्ची सडकको नालामा सोही ठाउँ बस्ने दाङ लमही घर भएका ३६ वर्षीय नन्दु घर्ती सोमबार मृत अवस्थामा फेला परेका छन्।

गुल्मी, रेसुङ्गा नगरपालिका-३ भाडगाउँ बस्ने २१ वर्षीया सम्झना खत्री सोही ठाउँस्थित वनमाराको झाडीभित्र सोमबार मृत अवस्थामा फेला परेकी छिन्। गत माघ २९ गतेदेखि हराएकी खत्रीको खोजी गर्ने क्रममा घरदेखि अन्दाजी १ सय २० मिटर टाढा रहेको उक्त झाडीभित्र उनको शव फेला परेको हो।

### सवारी दुर्घटनामा २ जनाको मृत्यु

काठमाडौं। रुपन्देही, सैनामैना नगरपालिका-१० सालझण्डीस्थित सडकमा भे.१ ख २६४६ नम्बरको ट्रकले लु.४२ प ७५ नम्बरको मोटरसाइकललाई आइतबार दिउँसो ठक्कर दिँदा मोटरसाइकल चालक कपिलबस्तु, कपिलबस्तु नगरपालिका-९ बस्ने ३५ वर्षीय बिमल गिरीको मृत्यु भएको छ। ठक्करबाट गम्भीर घाइते भएका उनको लुम्बिनी प्रादेशिक अस्पताल बुटवलमा उपचारको क्रममा मृत्यु भएको हो। फरार ट्रक चालकको प्रहरीले खोजी गरिरहेको छ।

प्युठान, माण्डबी गाउँपालिका-४ चोरपानी भन्ने स्थानमा लु.२ त १६७० नम्बरको ट्याक्टरबाट खसेर सोही ट्याक्टरका सहचालक माण्डबी गाउँपालिका-५ चकचके बस्ने १८ वर्षीय ईमान थापाको घटनास्थलमै मृत्यु भएको छ। ट्याक्टर चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

### भीरबाट खसेर मृत्यु

उदयपुर। उदयपुरगढी गाउँपालिका-८ तल्लो चुरुम्खा बस्ने ७० वर्षीय बीर बहादुर तामाङको भिरबाट खसेर मृत्यु भएको छ। फागुन १२ गते सोही ठाउँस्थित गाउँबाट घर फर्कने क्रममा भिरबाट करिब २ सय मिटर तल खस्दा उनको मृत्यु भएको बताइएको छ।

### डुबेर मृत्यु

काठमाडौं। सुनसरी, ईटहरी उपमहानरगपालिका-१८ स्थित नहरमा डुबेर सोही ठाउँ बस्ने ४५ वर्षीय प्रेम चौधरीको आइतबार दिउँसो मृत्यु भएको छ। नहरको डिलमा लुगा धुने क्रममा डुबेर उनको मृत्यु भएको हो। बारा, निजगढ नगरपालिका-८ ठाडोलाईन बस्ने सरोज कुमार लामाको ४ वर्षीय छोरा अदबिक लामाको धाराको पानी जम्मा हुने खाल्डोमा डुबेर मृत्यु भएको छ।

### करेन्ट लागेर मृत्यु

बागलुङ। गल्कोट नगरपालिका-३ हटिया गल्कोट सप्लायर्समा काम गर्ने बडिगार्ड गाउँपालिका-२ सक्नियार घर भएका १४ वर्षीय सुमन बिकको करेन्ट लागेर आइतबार साँझ मृत्यु भएको छ। मोटर जोड्ने क्रममा करेन्ट लाग्दा गम्भीर घाइते भएका उनको उपचारका लागि हटिया ईमर्जेन्सी पोलिक्लिनिकतर्फ लैजाने क्रममा बाटोमै मृत्यु भएको हो।

### आगलागीमा परी १ जनाको मृत्यु

काठमाडौं। प्यूठान, स्वर्गद्वारी नगरपालिका-२ स्वर्गद्वारी आश्रम भित्र रहेको गोठमा आगलागी हुँदा सोही आश्रममा काम गर्दै टिके बिकको १५ वर्षीय छोरा हेमे बिकको आगलागीमा परी मृत्यु भएको छ।

### सवारी दुर्घटनामा ३ जनाको मृत्यु

काठमाडौं। सप्तरी, खडक नगरपालिका-४ सडकमा मोटरसाइकललाई ठक्कर दिंदा चालक सोही नगरपालिका-८ बस्ने ६० वर्षीय सकिल रहमानको मृत्यु भएको छ। धनुषा, शहिदनगर नगरपालिका-३ मोटरसाइकल आफै अनियन्त्रित भई दुर्घटना हुँदा चालक सोही नगरपालिका-६ हट्टिपुर बस्ने २२ वर्षीय श्रवण पासवानको मृत्यु भएको छ।

ललितपुर, ललितपुर महानगरपालिका-४ बागडोलस्थित सडकमा गाडीको ठक्करबाट सोही ठाउँ डेरा गरी बस्ने सिन्धुपाल्चोक, सिन्धुपाल्चोक गाउँपालिका-२ लाटु घर भएकी १९ वर्षीया अन्जु दाहालको बुधबार बिहान मृत्यु भएको छ।

### माटोको ढिस्कोमा पुरिएर मृत्यु

मोरङ। सुनवर्सी नगरपालिका-१ काला बन्जारस्थित डाँस खोलाको बगरमा माटो खन्ने क्रममा माटोको ढिस्कोले पुरिएर सोही नगरपालिका-४ गान्धी आश्रम मामाको घरमा बस्दै आएकी २० वर्षीया बन्सुगिया यादवको घटनास्तलमै मृत्यु भएको छ। साथै माटोको ढिस्कोले पुरिएर घाइते भएका सोही ठाउँ बस्ने ९ वर्षीया मनिका यादव र ५५ वर्षीया झोलीया यादवलाई ईलाका प्रहरी कार्यालय दोहमना र ईलाका प्रहरी कार्यालय रङ्गेलीबाट खटिएको प्रहरीले उद्दार गरी उपचारको लागि रंगेली अस्पताल पठाएको छ।

### डुबेर मृत्यु

भक्तपुर। भक्तपुर नगरपालिका-६ महालक्ष्मी बस्ने ५५ वर्षीया मैया सुवालको सोही ठाउँस्थित ख्यौ पुकुचा पोखरीमा डुबेर मंगलबार साँझ मृत्यु भएको छ। पानीमा डुबी रहेको अवस्थामा फेला पारी तत्काल उपचारको लागि भक्तपुर अस्पताल लगिएकोमा उनको उपचारको क्रममा मृत्यु भएको हो।

### मृत अवस्थामा फेला

काठमाडौं। मकवानपुर, हेटौंडा उपमहानगरपालिका-८ कमाने शान्ति टोलस्थित प्लटिङमा ब्लकले बनेको टिनको छानो भएको घरभित्र हाल वतन नखुलेका अन्दाजी ८३ वर्षीय खड्क बहादुर परियार मृत अवस्थामा फेला परेका छन्। कास्की, पोखरा महानगरपालिका-१९ अकला मन्दिर नजिकै भिरपानी ठुलोबन सामुदायिक जंगलभित्र बाई खोल्सामा सोही ठाउँ बस्ने ३८ वर्षीय ओमराज परियार मृत अवस्थामा फेला परेका छन्।

# Pyongyang: A Model City

A book, *Pyongyang: A Model City* with a subtitle *Architecture of the DPRK Dreaming a Perfect City*, was published recently.

The authors of this book are two architects from Italy and Serbia.

The book reads in part:

It is not easy to answer why we engaged in a cultural project for the DPRK for the first time. We started it with simple curiosity, and then, we found ourselves feeling more and more interested in this unknown subject.

Many people of the world are in agreement with the logic of restraining, rejecting and isolating the DPRK, so they sometimes looked at us with suspicion.

People often give questions aimed at verifying their prejudices and preconceptions rather than finding out something new. We are still convinced that "isolation" is bad for everyone, and art and architecture, foreign to that warning, can serve as an important means for cultural exchange. We are going to open up a "window" for understanding another's culture and show another beauty through the architecture of Pyongyang by sharing the experiences of searching and understanding something quite different.

Pyongyang, seen by the two European architects who visited the DPRK in 2015 for the first time, was a utopia. Articles including those restraining urban planning, guidelines for capacity rate and land price which must be considered when starting construction, were unnecessary in Pyongyang, a city which had been laid out consistently on the basis of a plan.

They said: Pyongyang is the most perfect model city; Korean architecture has a peculiar beauty which cannot be seen elsewhere in the world.

If one reads this book, they will feel as if they have looked around all the corners of Pyongyang. However, what is more important is that they can see the appearance of its citizens on photos in the book. It is its another interesting point that they can discover something common.

### Kaesong Koryo Insam

Insam is a rare medicinal material used for treating or preventing various diseases.

When the word *insam* is mentioned, people are reminded of the species in Korea.

Insam from Korea has been widely known as the "king of medicinal plants" and "elixir of life" for its special medicinal efficacy and actions.

Outstanding is the insam from Kaesong, which had been the capital of Koryo (918-1392), the first united state in Korea. Incomparable to the similar species in other parts for its superior medicinal efficacy, Korea's insam has been known as Kaesong Koryo insam or Koryo insam.

In Kaesong located in the middle of the Korean peninsula, it is a tradition to cultivate insam.The Korean people are studying new techniques of cultivating and processing insam while inheriting the traditional methods. It is now used in producing various medicines, health foods and cosmetics which are in great demand at home and abroad.

### Ecosystem: Another Attraction of Rason

The Rason area in the northern part of the DPRK, which is famous as a Golden Triangle among many people of the world, is enjoying the attention of the people with its another attraction.

This area is a treasure house of nature with a diversified and abundant ecosystem.

### Mundok Migratory Bird Reserve

The Mundok migratory bird reserve, located in the wetland on the West Sea of Korea, is an ideal place for energy supplement and relaxation for the birds migrating thousands of kilometres. Every year over 80 thousands of birds of about 120 species visit this reserve.

In many countries people put colorful rings around their legs for their conservation and observation. Such birds are often seen in this reserve.

### Mallards Fly in the City

Flocks of mallards are swimming. This is the Taedong River in Pyongyang, the capital of the Democratic People's Republic of Korea, free from air pollution and water pollution, difficult problems facing the world.

### Lake Chon on Mt Paektu

Lake Chon is located on the crest of Mt Paektu (2 750m), the highest mountain of the Korean peninsula. The lake was formed on the crater of a volcano erupted about a million years ago

It is 9.17 sq kilometres in area, 384 m deep and contains 1 955 million cubic metres of water. It is the deepest of the crater lakes in the world.

Its magnificent looks, secrets about the activities of ancient volcanoes and peculiar natural phenomena have attracted the attention of geologists, volcanologists and explorers from olden times.

A waterspout rises now and then on the lake. A gale kicks up a column of water hundreds of metres high, which spins round and round making a big vortex and wrapping the lake with thick fog. When a whirlwind bursts, it blows off dusts, pumices and stones hundreds of metres high, often covering the area of hundreds of square metres. Ancient people believed that such a phenomenon was caused by a dragon flying up to the sky and venerated the lake calling it Dragon Pond.

Sometimes a gale blows at random and subdues suddenly creating primeval tranquility. Other times clouds over the lake disperse in an instant revealing the blue sky and casting a reflection of peaks of the mountain on the crystal clear water of the lake.

The weather of Mt Paektu is ever-changing. It is not uncommon that torrential rains suddenly stop, followed by a fall of large snow flakes and hailstones and rhododendrons bloom in snowy season.

Colourful clouds and double rainbow often appear in the sky over the lake. Also quite spectacular is the nocturnal scene of the lake when the moon and stars are mirrored on its serene water.

Piping hares, moose freshwater turtles, chars and other animals of special species live in and around the lake. Seabirds like gulls and albatrosses have been found. Even the yellow-eared turtle, which is a rare animal in the world, has been spotted several times.

The water of the lake is recognized as an ideal drinking water in terms of chemical composition and hygiene.

During the first half of the last century, President Kim Il Sung (1912-1994) organized the anti-Japanese armed struggle to liberate Korea with Mt Paektu as the centre. And Chairman Kim Jong Il was born on February 16, 1942 in the mountain amid the flames of the struggle.

### Samjiyon City People's Hospital

The Samjiyon City People's Hospital was inaugurated in Ryanggang Province in the northern part of the Democratic People's Republic of Korea in October 2020.

Samjiyon, located on the highlands of about 1 300m above sea level, has recently turned into a model of cultural mountainous city where the people's ideals are realized and which incorporates modern civilization under the active support of the Workers' Party of Korean and the DPRK government.

This hospital, not inferior to the central hospitals, has specialized departments such as emergency, medical, surgical, pediatric, obstetrical and gynaecological and dental departments, every one of which is equipped with the latest medical apparatuses and appliances.

Various kinds of equipment of the latest level for test and disinfection are also furnished here. With the multifunctional telemedicine system built, its medical service is put on an IT footing.

It has also excellent in-patient wards, rooms for exercising for treatment and rehabilitation, children's playing area and indoor park.

This hospital is an epitome of the advanced healthcare system of the country, which is free of charge.

The DPRK is directing great efforts to developing the public health sector, a major image of its own style of socialism.

It is developing new fields of medical science and technology, building specialized medical bases, and renovating the existing pharmaceutical and medical appliances factories to turn out highly-efficacious medicines and advanced medical equipment and supplies.

It has established telemedicine system covering the country, and modernized the hospitals and clinics as befitting medical service bases in relevant areas to improve the quality of their medical service.

In recent years, the Breast Tumour Institute of the Pyongyang Maternity Hospital, Okryu Children's Hospital, Ryugyong Dental Hospital, Ryugyong General Ophthalmic Hospital and other advanced medical service bases have been built.

Medical oxygen factories have been built in many parts of the country, and other factories related with public health service, including the Myohyangsan Medical Appliances Factory and the Huichon Hospital Bed Factory have been renovated or built.

The Samjiyon City People's Hospital was built as a standard for local hospitals in the DPRK amidst the comprehensive implementation of the policy of attaching importance to public health.

### The Past and Present of the KPA

The pictures above show the parade of the Korean People's Army held on its founding on February 8, 1948, testifying to the fact that the Korean war (1950-1953) was in effect a confrontation between a rifle and A-bomb.

The pictures below show its features after the lapse of 70 years.




### Where Do You Think Is This?

This is Pyongyang, the capital of the Democratic People's Republic of Korea, which the Western media is playing up as a country of stagnation and a country far removed from modern civilization.




















## भ्रष्टाचारका...

सरकारबाट १ लाख रूपैयाँ उपचार खर्च लिएर रमाइलो गरे भने यस्ता धेरै व्यक्तिहरूले सरकारी सम्पत्तिको दुरपयोग गरेका थुप्रै उदाहरण छन् । अरबौंको सम्पत्ति भएका विजयकुमार गच्छदारले उपचार खर्च भन्दै ८ लाख ५९ हजार ३ सय ५० रूपैयाँ लिएको सरकारी विवरणबाट देखिन्छ भने केपी शर्मा ओलीले ८ लाख ७० हजार रूपैयाँ लिएका थिए ।

भन्सार र बिक्रीकर छुट गरेर जापानबाट पजेरो र लेन्डकुजर जस्ता महँगा गाडीहरू ल्याएर व्यापारी र तस्करहरूलाई बेच्ने अधिकांश सांसदहरू अहिले पनि बसमा झुन्डिएर हिँड्छन् । सरकारी सम्पत्तिको दुरूपयोग गर्दै महँगो गाडी चढ्नेहरू धेरै छन् । तीमध्ये केही व्यक्तिहरूको नाम यस प्रकार छ :

शरदसिंह भण्डारी, बलदेव शर्मा, खुमबहादुर खड्का, गोपालजीजंग शाह, चीनकाजी श्रेष्ठ, ज्योतेन्द्रमोहन चौधरी डेढराज खड्का, दुर्योधन सिंह, महेन्द्र थापा, मोदनाथ प्रश्रित, रमेश रिजाल, रामविलास यादव, लोकेन्द्रबहादुर चन्द, सिद्धिराज ओझा, हिक्मतबहादुर शाही, गोविन्दराज जोशी, जागृतप्रसाद भेटवाल, तीर्थराज भुसाल, भीमबहादुर रावल, कृष्णगोपाल श्रेष्ठ, विद्यादेवी भण्डारी, शेरबहादुर देउवा, चिरञ्जीवी वाग्ले, बलबहादुर केसी ।

भ्रष्टाचार, कमिसन, घूस र विकृतिलाई संस्थागत गर्ने त्यस्ता व्यक्तिहरूले संसदीय पद्धतिलाई नै बदनाम गराए । भारतबाट चोरेर ल्याएका सयकडौं गाडीहरू यातायात व्यवस्था विभागबाट जबरजस्ती मान्यता दिलाएर निजी सम्पत्तिको रूपमा प्रयोग गर्ने माओवादी नेताहरूले पुराना नेताहरूलाई समेत भ्रष्टाचारको क्षेत्रमा पछाडि छाडिदिए । उनीहरूले करोडौं सम्पत्ति कमाइसकेका छन् । डेढ-दुई लाखको पलङमा सुत्ने र करोडौंको महलमा बस्ने माओवादी नेताहरूले ठाउँठाउँमा घरजग्गा जोडेको, हाउजिङहरूमा लगानी गरेको, स्कुल, कलेज, अस्पताल, शेयरबजार र डिपार्टमेन्टर स्टोरहरूमा लगानी गरेको र विदेशमा समेत सम्पत्ति थुपार्न थालेको सञ्चारमाध्यमहरूमा आइरहेको छ । विभिन्न बैंक डकैती गर्ने, हजारौंको घरजग्गा सम्पत्ति लुट्ने र बन्दुक देखाएर ठग्न पल्केका माओवादीका धेरै नेता कार्यकर्ताहरू अहिले आफैं पुँजीपति भइसकेका छन् । भ्रष्टाचारको कथा खोज्दै जाँदा माओवादीको एउटा अध्याय होइन ठूलो ग्रन्थ नै तयार हुन सक्छ ।

नेताहरूको चरम भ्रष्टाचार देखेर कतिपय जिल्लाका जनताले उनीहरूलाई व्यंग्य गर्दै 'सुखमय जीवन बिताऊ' भनेर एक एक रूपैयाँ चन्दा समेत पठाएका थिए । २ वर्ष बितिसक्दा पनि नयाँ संविधान बनाउन नसकेका नालायक, भ्रष्ट र कर्तव्यच्युत सभासदहरूको काजकिरिया गर्दै कतिपय कार्यकर्ताले कपालसमेत मुन्डन गरेर २-२ वर्ष खाएको तलबभत्ता समेत फर्काउन माग गरे ।

भ्रष्टाचारी, हत्यारा, जघन्य अपराधी, लागूऔषध कारोबार गर्ने तस्करहरू, विदेशी विनिमयको अवैध कारोबार गर्ने, जालीफटाहा र तस्करहरू तथा विभिन्न सार्वजनिक अपराध गर्ने व्यक्तिहरूलाई एमाले, कांग्रेस, माओवादीलगायतका सबैजसो दलहरूले संरक्षण दिँदै मुद्दा फिर्ता लिएका थुप्रै उदाहरण छन् । राजनीतिक सहमतिका आधारमा भन्दै आआफ्ना दलका अपराधीहरूलाई मुद्दा फिर्ता लिएका धेरै उदाहरण छन् । २०५१ सालमा गिरिजाप्रसाद कोइरालाको सरकारले लागूपदार्थ, तस्करी, भ्रष्टाचार, विदेशी मुद्राको अपचलन, ज्यान मार्ने उद्योग, ज्यानसम्बन्धी मुद्दा, चेलिबेटी बेचबिखनलगायत विभिन्न अभियोगमा जेल परेका पूर्वप्रहरी महानिरीक्षक डीबी लामा र पूर्व कर्णेल भरत गुरुङको मुद्दा फिर्ता लिने निर्णय गरेपछि भ्रष्टाचारी र अपराधीहरू मौलाएका हुन् ।

एमाले सरकारले प्रतिनिधिसभाको विघटनको सिफारिस गरिसकेपछि पनि ८० जनाको मुद्दा फिर्ता लिएको थियो । त्यसमा करोडौंको भ्रष्टाचार र राजस्व छलेको अभियोगमा थुनामा रहेका मोहनगोपाल खेतानविरुद्धको मुद्दा पनि फिर्ता लिएर एमाले आलोचनाको सिकार बन्यो । कांग्रेसको पहिलो निर्वाचित सरकारले ९० वटा सार्वजनिक अपराधका मुद्दालगायत ९ सय ९९ जनाको मुद्दा फिर्ता लियो भने एमालेले ९ सय ९७ जनाको मुद्दा फिर्ता लिएको थियो ।

माओवादी नेतृत्वको सरकारले आफ्ना हजारौं अपराधी कार्यकर्ताहरूको संरक्षण गर्न विगतका सबै मुद्दा फिर्ता लिएर दण्डहीनता र अपराधलाई प्रश्रय दियो । पत्रकार पदम ठकुराठीको हत्या गर्ने प्रयासमा प्रमुख दोषी मानिएका योजनाकार जगत गौचनलाई राजा ज्ञानेन्द्रले 'स्वच्छ छविको सरकार' मा सामेल गरेका थिए । तत्कालीन अमेरिकी राजदूत जेम्स मोरियार्टीलगायतका धेरै विद्वान् विदुषी र कूटनीतिज्ञहरूले राजाको यो कदम बदनियतपूर्ण भएको विचार व्यक्त गरेका थिए ।

कार्यपालिका, न्यायपालिका, व्यवस्थापिकालगायतका सबै तहमा भ्रष्टाचार व्यापक भए पनि त्यसको नियन्त्रण गर्ने कुनै प्रभावकारी संस्था नहुँदा यो दिन प्रतिदिन मौलाइरहेको देखिन्छ । अख्तियार दुरूपयोग अनुसन्धान आयोगले जिल्ला तहमा हुने भ्रष्टाचार नियन्त्रण गर्न प्रमुख जिल्ला अधिकारीलाई जिम्मेवारी दिएको छ । अधिकांश प्रजिअहरू आफैं भ्रष्टाचारी भएकाले शक्ति सन्तुलन र निगरानीको हिसाबले पनि यो प्रक्रिया ठीक मानिँदैन । प्रजिअले स्वभावतः कर्मचारीहरूलाई काखी च्याप्ने भएकाले उनीहरूबाट भ्रष्टाचार र घूसखोरी नियन्त्रण हुन्छ भन्ने आशा गर्नु व्यर्थ छ । दूधको साक्षी बिरालो भनेझैं जिल्लाका उच्च तहका कर्मचारी नै भ्रष्टाचारमा लिप्त भएकाले उनीहरूबाट भ्रष्टाचार न्यूनीकरण वा निवारण हुने अपेक्षा गर्न सकिँदैन ।

महालेखा परीक्षक विभागका प्रतिवेदनहरू तथा अख्तियार दुरूपयोग अनुसन्धान आयोगका अनुसन्धानहरू निरर्थक भइरहेको अवस्थामा भ्रष्टाचार नियन्त्रण गर्न राज्यले अत्यन्त शक्तिशाली आयोग बनाएर कार्यान्वयनको जिम्मा दिनुपर्छ र भ्रष्टाचारीलाई जघन्य अपराधीसरह दण्ड दिने प्रावधान गरिए मात्र समस्याको समाधान हुन सक्छ । विभिन्न तहमा भ्रष्टाचार भए पनि प्रधानमन्त्रीदेखि लिएर विभिन्न क्षेत्रमा प्रभावशाली व्यक्तिहरूलाई घूस खुवाएर उम्किने प्रवृत्ति भएकाले नेपालमा ठूलठूला भ्रष्टाचारीहरूले उन्मुक्ति पाएको देखिन्छ । तसर्थ राजनीतिक दलदेखि लिएर विभिन्न क्षेत्रमा भ्रष्टाचार नियन्त्रण गर्न स्पष्ट कानुन आवश्यक छ भने त्यसको कार्यान्वयन पक्षमा समेत त्यत्तिकै चनाखो रहनुपर्ने देखिएको छ ।

सन् २००६ को मे ५ तारिखमा सर्वोच्च अदालतका पूर्व न्यायाधीश कृष्णजंग रायमाझीको अध्यक्षतामा गठित आयोगले १ हजार १ सय ८४ पृष्ठ लामो प्रतिवेदन तयार गरेर गैरसंवैधानिक र गैरकानुनी काम गर्नेहरूलाई दण्ड दिन खोजे पनि सो प्रतिवेदन दराजमा थन्किएको कटु यथार्थ सबैले देखेकै कुरा हो । वि.सं. २०६२।६३ सालमा भएको आन्दोलनमा तत्कालीन सरकारबाट २५ जना मारिएपछि त्यसबारे छानबिन गर्न बनेको कृष्णजंगको आरोप पंगु सावित भयो भने २०४६ सालमा जनार्दन मल्लिकको अध्यक्षतामा बनेको आयोगले तयार पारेको ११ सय पृष्ठ लामो प्रतिवेदन पनि दराजमा थन्कियो । नेपाली सेना, नेपाल प्रहरी, गुप्तचर विभाग (राष्ट्रिय अनुसन्धान विभाग), सशस्त्र प्रहरी, पशुपतिक्षेत्र विकास कोष, विभिन्न मन्त्रालय, गुठी संस्थान र संवैधानिक अंगहरूमा भएका भ्रष्टाचारका बारेमा सञ्चारमाध्यमहरूले जतिसुकै गुनासो गरे पनि दोषीहरूमाथि कारबाही नहुँदा अहिले पनि गैरकानुनी काम गर्ने मानिसहरू निस्तेज हुन सकेको पाइँदैन ।

नेपालका विभिन्न उच्च तहमा बसेका व्यक्तिहरूले करोडौं रूपैयाँको अकुत सम्पत्ति कमाएर विदेशमा थुपारे पनि त्यस्तो सम्पत्ति फिर्ता गर्न सकिएको छैन । काठमाडौंस्थित द्वन्द्व अध्ययन केन्द्र (कन्फ्लिक्ट स्टडी सेन्टर) का अनुसार राजदरबारका तत्कालीन जर्नेल ताराबहादुर थापाले भारतको हरियाणा राज्यस्थित डीएलएफ कम्पनीबाट करोडौं रूपैयाँमा दिल्लीनजिकै गुरगाउँमा महल किनेका छन् भने पूर्वप्रधानसेनापति धर्मपालबरसिंह थापा र प्रज्वलशमशेर जबरा तथा मोतीलाल बोहरा र प्रदीपशमशेर राणाले पनि त्यस्तै महलहरू किनेका छन् । उनीहरूले बेल्जियममा समेत करोडौं रूपैयाँ लगानी गरेको कुरा सो सेन्टरले जनाएको छ । राजा ज्ञानेन्द्रका अत्यन्त प्रिय मानिने वसन्त मिश्रले मलेसियामा करोडौं सम्पत्ति लगानी गरेको सेन्टरको दाबी छ ।

## विमानस्थलको...

पटकपटक असफल भएकोमा अहिले पर्यटनमन्त्रीमा भानुभक्त ढकाल आएपछि फेरि प्रयास सुरु भएको हो । यती समूहले एयरपोर्टको सिनामंगलस्थित ९२ रोपनीभन्दा बढी जग्गा २०७२ सालमै भाडामा लिने प्रयास गरेको थियो । तत्कालीन प्रधानमन्त्री सुशील कोइरालाको पालाका पर्यटनमन्त्री कृपासुर शेर्पाले यती समूहलाई यो जग्गामा होटल खोल्न दिने प्रस्ताव मन्त्रिपरिषद् मा पुऱ्याएका थिए । तर प्रधानमन्त्री कोइराला र मुख्य सचिव सोमलाल सुवेदीले रोकेपछि प्रयास असफल भएको थियो। अहिले फेरि यो समूहलाई जग्गा भाडामा दिनेगरी सरकारले तयारी गरेको हो ।

सरकारी उच्च स्रोतका अनुसार पाँच वर्षअघि असफल भएको प्रयासलाई अहिले सफल बनाउन यती समूह लागि परेको छ। उक्त स्रोतले प्रधानमन्त्रीमा केपी शर्मा ओली भएकै समयमा जग्गा भाडामा लिनेगरी तयारी थालिएको दाबी गरेको छ। त्यसै पनि प्रधानमन्त्री ओली यती समूहका 'प्रिय' भएको आरोप लाग्दै आएको छ ।

## म्यानमार...

आङ सान सुची, राष्ट्रपति विन मिन्टलगायत नेसनल लिग फर डेमोक्रेसी (एनएलडी) का नेताहरूको रिहाइ र जननिर्वाचित सरकारको पुनःस्थापनाको माग गर्दै आएका छन् । प्रदर्शनका क्रममा भएका प्रहरीको दमनका कारण हालसम्म ज्यान गुमाउनेको संख्या ५० नाघेको बताइएको छ । गत आइतबार गरिएका प्रदर्शनमा प्रहरीले गोली चलाउँदा १८ जनाको मृत्यु भएको थियो ।

अस्पताल स्रोतका अनुसार सुरक्षाकर्मीको गोली लागेर ४ जनाको मृत्यु भएको हो । दोस्रो ठूलो सहर म्यान्डलेमा दुई जनाको मृत्यु भएको अस्पताल स्रोतलाई उल्लेख गर्दै एएफपीले जनाएको छ । एक चिकित्सकले नाम नबताउने सर्तमा म्यान्डलेमा मारिएका एक व्यक्तिको टाउकामा गोली लागेको बताएका छन् ।

## दोभानमा...

सय ५६ जना पुरुष र १ सय ६८ जना महिला गरी ३ सय २४ जना छन् । सरकारी कार्यालयहरूको क्षति मात्रै १ करोड २२ लाख ५० हजार रुपैयाँबराबर रहेको विवरणमा उल्लेख छ । गाउँपालिका, नेपाल टेलिकम, विद्युत् प्राधिकरण, ग्लोबल आईएमई बैंक र दोभान मनी ट्रान्स्फरमा पनि क्षति पुगेको आङदेम्बेले बताए ।

## नेपालको राजनीतिक...

र अवाञ्छित व्यवहारमा रत्तिभर फरक देखिँदैन। शेरबहादुर देउवा प्रधानमन्त्री ओलीलाई दल र सरकारमा एकाधिकार कायम गरी संविधानको उपेक्षा गर्दै लोकतन्त्र मास्न उद्यत रहेको आरोप लगाउँछन्। तर, आफ्नै दलभित्रको उनको उद्देश्य र व्यवहार भने एकाधिकारवादी नै रहेको दलभित्रको विद्यमान परिस्थितिले नै बुझाउँछ। प्रमुख प्रतिपक्षी दलले संसदमा आफ्नो भूमिका कसरी सुदृढ र प्रभावकारी बनाउन सकिन्छ भनी सोच्नसमेत नसकिने अवस्थामा उसले जनतासित प्रत्यक्ष सम्बन्धित मुद्दामा ठोस धारणासहित विकल्प प्रस्तुत गर्नेछ भनी आस गर्नु अब त मुर्खता नै हुनेछ। सदन ठप्प हुँदा प्रतिपक्षको चिहाउने भूमिकासमेत अहिले विथोलिएको छ। र भागबन्डामा रुमलिएको कांग्रेस आफ्नो भविष्यप्रति समेत आश्वस्त हुनसकेको छैन।

लोकतान्त्रिक मर्यादा राख्न ओली सदनमा प्रतिपक्षी चाहन्छन्। विद्यमान परिस्थितिमा प्रतिपक्षी कांग्रेसले लोकतन्त्र संरक्षणको निम्ति संघर्ष गर्न सक्दैन भनी ओली जानकार छन्। कांग्रेसको पतन सत्तारुढ दलको उत्थानको निम्ति सहयोगीमात्र नभई लाभप्रद भएको छ। मधेसवादी दलहरूको बेहाल बुझेका ओली आफ्नो क्षमतामाथि विश्वस्त छन्। पार्टीभित्र मतभेद र संसद सुचारु हुन नसकेर के भयो, राज्य संयन्त्रमा उनको नियन्त्रण र अधीनस्थ छ।

अहिले मुलुकमा नयाँ सरकार कहिले र कसको नेतृत्वमा बन्ने भन्ने विषयमा चर्चा चलेको छ । नयाँ सरकार त्यति सजिलै बन्ने अवस्था देखिँदैन । नयाँ सरकार गठनको विषयमा अनेकन बाधा र संवैधानिक एवं कानुनी जटिलता देखिएका छन् । केही संवैधानिक र प्राविधिक जटिलताले नेपालको राजनीति अझै पनि गोलचक्करमा फस्ने खतरा देखिएको छ । मुलुक पुनः राजनीतिक खिचातानी र विवादको भुमरीमा फसेको छ । प्रधानमन्त्री ओलीले राजीनामा दिएर मुलुकलाई छिटोभन्दा छिटो निकास दिनुपर्छ भन्नेहरू पनि छन् ।

नेकपा फुटेको होइन, दुई खेमामा विभाजित मात्र भएको हो । अब सबैको जोडबलमा नेकपाभित्रको विवाद व्यवस्थापन हुनुपर्छ । जनताको चाहना पनि त्यो हो । अब ओलीले राजीनामा दिएर जनताको सहानुभूति र समर्थन आर्जन गर्न सक्नुपर्छ । यो नै बुद्धिमानी ठहरिनेछ । पद त्याग गर्नु नै ओलीको राजनीतिक भविष्यका लागि लाभदायक हुनेछ । प्रतिनिधिसभा पुनःस्थापना भएपछि नैतिक आधारमा समेत ओली प्रधानमन्त्रीमा रहनु अनुचित हुनेछ । नेकपा कानुनी रूपमा दुईवटा पार्टी बनिनसकेको अवस्थामा प्रचण्ड-माधव पक्ष र ओली पक्षबीच मुलुक र पार्टीको हितको लागि एकता हुनुपर्ने अपरिहार्य छ । त्यसैले नेकपा मिल्नुको विकल्प छैन । आफूआफूमा झगडा गरेर फाइदा कसैलाई छैन ।

यदि दुई खेमाबीच एकता नभएमा इतिहासमा नेकपाका लागि त्योभन्दा ठूलो भुल अरू केही हुने छैन । आगामी दिनमा जनतासमक्ष निर्वाचनमा जाँदा नेताहरू कुन मुख लिएर जाने ? जनताले यो प्रश्न गर्न सक्नेछन् । नेकपासँग त्यो जवाफ हुने छैन । जनताका सामु मुख देखाउन सक्ने अवस्था पनि नरहन सक्छ । नेपाल कम्युनिस्ट पार्टी (नेकपा)ले पाँच वर्षका लागि जनताको जनादेश प्राप्त गरेको छ । यो जनादेशमाथि अपमान गर्नु हुँदैन । हाल भएका राजनीतिक गतिविधि पनि त्यति सन्तोषजनक छैनन् । नेकपाका दुबै खेमा मिलेर जाँदा नै राम्रो हुन्छ । जनता यसको पक्षमा छन् । जनताका लागि यो स्वीकार्य पनि छ । जनताको म्यान्डेटको सम्मान गर्न नेताहरूले सिक्नुपर्छ । पार्टी विधानतः फुटेको छैन । निर्वाचन आयोगले पनि यसलाई फुटेको मान्यता दिएको छैन । कार्यकर्ता र जनता एकताको पक्षमा छन् । नेकपाका दुई खेमाबीचको एकता नै मिलन बिन्दु हो ।

नेपाली कांग्रेसलाई उपयोग गरेर सत्तामा हालीमुहाली चलाउने सपना अब नेकपाका दुवै खेमाले नदेखे हुन्छ । आफ्नो नेतृत्वमा सरकार गठन गरी आगामी मंसिरमा मध्यावधि चुनाव गराउने शर्तमा बाहेक नेपाली कांग्रेसले कुनै पक्षलाई सहयोग नगर्ने देखिइसकेको छ । नेकपाको विभाजनले औपचारिकता नपाएसम्म अविश्वासको प्रस्तावमा नेपाली कांग्रेसले समर्थन गर्ने संभावना देखिन्न । आफ्नै पार्टीको प्रधानमन्त्रीमाथि अविश्वासको प्रस्ताव दर्ता गर्ने नजरी बस्यो भने भोलि आफू पनि यही रोगको सिकार हुने प्रतिक्रिया नेपाली कांग्रेसले दिइसकेको छ ।

एकातिर विपक्षी दल कांग्रेसले नेकपा विभाजनले वैधानिकता नपाउँदासम्म तटस्थ बस्ने निर्णय लिएको छ। अर्कातिर निर्वाचन आयोगले नेकपा विवाद निरुपणलाई उच्च प्राथमिकतामा राखेको छैन । यस्तो अवस्थामा अर्को सरकार गठन तत्काल संभव देखिँदैन । नयाँ समीकरणबारे निर्णय लिन कांग्रेसले संस्थागत रूपमा नेकपा विभाजनको वैधानिकता खोजे पनि शीर्ष नेताहरू भावी सरकार गठनलाई लिएर सघन रूपमै अनौपचारिक संवादमा जुटेका छन् । आयोगले नेकपा विभाजनको मुद्दा नटुंग्याएसम्म संसद्मा अविश्वासको प्रस्ताव अगाडि बढे कांग्रेस निर्णयविहीन बस्न सक्ने संभावना छ । नेकपा विभाजनले तत्कालै वैधानिकता नपाउने र कांग्रेसले पनि निर्णय नलिए त्यसको सीधा लाभ प्रधानमन्त्री केपी ओलीलाई हुने देखिएको छ । यसलाई नजिकबाट नियालिरहेका कांग्रेस सभापति शेरबहादुर देउवा नेकपाका दुवै समूहसँग सत्तासमीकरणका लागि संवादमा छन् । उनी नेकपाका दुवै समूहलाई 'इंगेज राखेर आफ्नो अनुकूल निर्णय लिने दाउमा' छन् । नेकपाको प्रचण्ड-नेपाल समूहका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले त देउवालाई भावी प्रधानमन्त्री बनाउन आफू तयार रहेको उनीसँगको भेटमा मात्रै होइन, पटकपटक सार्वजनिक रूपमै अभिव्यक्ति दिइसकेका छन् । यद्यपि, भावी समीकरणलाई लिएर कांग्रेसभित्र एकरूपता छैन । नेकपा विभाजन नभए पनि अहिलेकै अवस्थामा संसद्मा अविश्वासको प्रस्ताव टेबल हुँदा कांग्रेस निर्णायक भूमिकामा छ । तर, गत वैशाखमै ओली सरकारले शासन गर्ने आधार गुमाइसकेको निष्कर्ष निकालेको कांग्रेस अहिले नेकपाकै एउटा समूहको अविश्वासको प्रस्तावमा अलमलमै छ ।

सरकारमा जानै परे आफ्नै नेतृत्वको सरकार बनाउने देउवाको रणनीति छ । सभापति देउवा आफ्नै नेतृत्वमा सरकार बन्ने परिस्थितिमा मात्रै नेकपाको कुनै एक पक्षलाई विश्वास दिने पक्षमा छन् । आमनिर्वाचनमा जनताले कांग्रेसलाई प्रतिपक्षी पार्टीको म्यान्डेड दिएका हुन् । अहिलेसम्म त्यही भूमिकामा कांग्रेस छ । कांग्रेसलाई पाँच वर्ष कुर्न कुनै आपत् छैन । नेकपाले सरकार चलाउन नसक्ने र सत्तामोहकै कारण झगडा गरेर विभाजनसम्म पुग्ने अवस्थामा कांग्रेसबाहेक सरकार नै बन्न नसक्ने परिस्थिति बन्यो भने मात्रै कांग्रेसले मंसिरमा निर्वाचन गराउने शर्तमा सरकारको नेतृत्व लिने संभावना छ । स्पष्ट छ कि, कांग्रेस आफ्नो नेतृत्वमा मात्रै सरकारमा जान्छ । कसैको सहयोगी भएर सरकारमा जाने कुरा कांग्रेसको ऐतिहासिक र प्रतिपक्षी भूमिकाका लागि पनि स्वाभाविक हुँदैन ।

नेकपाको प्रचण्ड–नेपाल पक्षका प्रवक्ताको भनाइ सत्य मान्ने हो भने अहिलेलाई नेकपाको ओली नेतृत्वसँग सहकार्य र एकताको सम्भावना कम रहेको उनको भनाइ छ । प्रवक्ताको दाबीअनुसार विभाजनको विषयमा पार्टी निकै अघि बढिसकेको छ । संसद् पुनर्स्थापनाको विषयभन्दा पार्टीको विवाद निकै अघि बढिसकेकाले अहिले नै एक हुने अवस्था नरहेको दाबी दाहाल–नेपाल पक्षको छ । घटना र परिदृश्यले पनि यही कुरा बताउँछ । अदालतको फैसला आएकै भोलिपल्ट दाहाल–नेपाल बूढानीलकण्ठको ढोका ढकढक्याउन पुग्नुले सरकारको नेतृत्व सुम्पिन आतुर देखिन्छन् । कांग्रेसभित्रै भने यो दुईवर्ष सरकारमा जानेभन्दा पनि संगठन सुदृढीकरण गर्दै पार्टीको महाधिवेशन सम्पन्न गर्नुपर्ने दबाबमा देउवालाई सत्तारोहणबाट रोक्न पौडेल समूह भित्रभित्रै सक्रियरूपमा रहेको छ । नेकपाको विवाद समाधान नहुन्जेलसम्म भने नेपाली कांग्रेस नै अहिलेको सत्ता राजनीतिको खेलमा निर्णायक शक्तिका रूपमा रहेको छ । देउवा पौडेलले यो वास्तविकतालाई राम्रोसँग बुझेका छन् तर उनीहरूमा नेकपाको फुटबाट सिर्जित अवसरलाई सत्तारोहणमा सदुपयोग गर्ने सन्दर्भमा भने दोधारे नीति छ । ओली नेतृत्वलाई हेर्ने दुई नेताको फरक दृष्टिकोणले नेपाली कांग्रेस अहिले अनिर्णयको बन्दीजस्तै भएको छ । दाहाल–नेपाल समूहको निष्कर्ष पनि के रहेको छ भने नेपाली कांग्रेसको साथ र समर्थनबिना सत्ताको बागडोर सम्हाल्ने अवस्थामा पुग्न नसकिने भएकाले कांग्रेसलाई नै सर्वस्व सुम्पेर भए पनि आफ्नो समूह सरकारको नेतृत्वमा पुग्नुपर्ने निष्कर्षमा छ ।

केपी ओलीलाई प्रतिगामीको बिल्ला भिराइदिएर आफूहरू मात्र सच्चा कम्युनिस्ट र विधिपद्धतिमा चल्ने पार्टी भएको लोकलाजलाई देखाउनकै लागि भए पनि कांग्रेस फकाउने रणनीति दाहाल-नेपालको रहेको छ । तर, देउवाले दाहाल–नेपालको सत्ता साझेदारीको प्रस्ताव सहजै स्विकार्लान् भन्नेमा आश्वस्त हुन सकिँदैन । शंका गर्ने ठाउँ प्रशस्तै छन् । देउवाले आफूसँग भएको धोकालाई सहजै बिर्सेलान् भन्न सकिने अवस्था छैन । फेरि कांग्रेसभित्रै पनि देउवालाई कम्युनिस्टसँग अहिले नै सत्ता सहकार्य नहुने र नेकपाको कुनै पनि समूहलाई सहयोग र समर्थन गर्न नहुने दबाब बढ्दो छ । तर, देउवा भने भावी राजनीतिक सहकार्यलाई लिएर केपी ओलीसँग निरन्तर सम्पर्कमा रहिरहेको पनि दाबी गरिन्छ ।

ओलीलाई नै समर्थन गरेर जानुपर्ने देउवाको मनसायलाई भने देउवा इत्तर समूहले सजिलै सफल हुन देलान् भनेर अपेक्षा गर्न सकिने अवस्था पनि कमजोर नै छ । तथापि पनि अहिलेको सम्भावित सत्ता समीकरणको केन्द्रीय भागमा भने कांग्रेस नै रहेको अवस्था छ । कांग्रेसले लिने निर्णय र समर्थनले वर्तमान अन्योलपूर्ण राजनीतिको निकासको सम्भावना भने प्रबल छ । कांग्रेस नेतृत्वका लागि नेकपाको औपचारिक विभाजनमै उसको सत्तारोहण र गिरेको साख बचाउने आधार बन्न सक्छ । त्यसैले हुन सक्छ कांग्रेसको पर्खाइ पनि नेकपाको आधिकारिक विभाजनकै लागि । यसका लागि जतिसक्दो चाँडो नेकपा विवाद निर्ष्कषमा पुगोस् भन्ने आशय कांग्रेसको रहेको छ ।

देशको राजनीति सही बाटोमा हिंडाउन नेतृत्वले छाती चौडा पारेर निर्णय लिनुपर्ने बेला हो अहिले । नेपाली कांग्रेस अहिले पर्ख र हेरको नीतिमा छ । संसद् पुनर्स्थापना पछि पनि नेकपा एक हुन सक्ने सम्भावना कांग्रेसले देखेको हुनाले नेकपा नेतृत्वले अब अगाडिका गालीगलौज अपशब्द र आरोप प्रत्यारोपको दोहोरीलाई आजैबाट आत्मआलोचित हुँदै जनतासँग माफी माग्दै अघि बढ्ने हो भने देशको राजनीतिले सहज अवतरण पाउनेछ । होइन अहंमता, दम्भ, बदला र इर्ष्याको तुष पाली नै राख्ने हो भने यो भन्नुपर्छ कि नेपालमा कम्युनिस्ट पार्टीको अस्थित्व संकटोन्मुख हुने निश्चित छ ।

प्रमुख राजनीतिक शक्तिहरूबीच सहमति गरेर राष्ट्रिय सहमतिको सरकार निर्माण गर्ने, त्यो सरकारले यी मूलभूत संरचनात्मक समस्याहरूलाई केन्द्रमा राखेर न्यूनतम कार्यक्रम बनाउने, त्यसलाई सहमतिका आधारमा कार्यान्वयन गर्दै जाने र सहमतिले नै आगामी निर्वाचन सम्पन्न गर्ने गर्नुपर्छ। त्यसो हुन सक्यो भने संघीय लोकतान्त्रिक गणतन्त्र लगायतका मूल उपलब्धिको रक्षा हुन्छ। राजनीतिक दलहरूबीच स्वस्थ प्रतिस्पर्धाको ढंगले अगाडि जान सकियो भने लोकतन्त्रको जगेर्ना पनि हुन्छ। यसबाट देशमा दिगो शान्ति हुन्छ र देशलाई दीर्घकालीन ढंगले अगाडि बढाउन सक्ने लोकतन्त्र, समावेशिता, सुशासन, समाजवादका पक्षधर शक्तिहरूको एउटा बृहत् ध्रुवीकरण बनेर देशलाई दीर्घकालीन ढंगले अगाडि बढाउने सम्भावना पनि रहन्छ। बलियो राष्ट्रिय एकता कायम गरेको समावेशी प्रकृतिको सरकारले मात्रै भारत लगायतसँग सीमा आदि जुन समस्या छन्, तिनलाई हल गरेर यस क्षेत्रमा दिगो शान्ति र समृद्धि ल्याउन सक्छ। त्यो ढंगले सोच्नु र अगाडि बढ्नुपर्छ र त्यो सम्भव पनि छ। विगतका कुराहरूमा मात्रै अल्झेर बस्नुभन्दा त्यसबाट पाठ सिकी यो संकटपूर्ण अवस्थामा राजनीतिक दल र मुख्य नेतृत्वले आफ्नो पार्टीको संकीर्ण घेराभन्दा माथि उठेर राजनेताका रूपमा प्रस्तुत हुन सक्नुपर्छ। त्यो नै आजको आवश्यकता हो।

## चन्द समूह...

सञ्चालन गर्ने र नेपाल सरकारका तर्फबाट लगाइएको नेपाल कम्युनिस्ट पार्टीमाथिको प्रतिबन्ध हटाउने, सम्पूर्ण बन्दीको रिहाइ र मुद्दा खारेजी लगायत विषय रहेको' विज्ञप्तिमा उल्लेख छ। सहमतिको विस्तृत विवरण सार्वजनिक कार्यक्रमलाई प्रधानमन्त्री केपी शर्मा ओली र नेकपाका महासचिव नेत्रविक्रम चन्दले सम्बोधन गर्ने पनि विज्ञप्तिमा उल्लेख छ। दुवै वार्ता टोली बिहीबार बिहानैदेखि वार्तामा जुटेका थिए। उनीहरूबीच बुधबार पनि दुई चरणमा वार्ता भएको थियो ।

औपचारिक रूपमा वार्ता टोली गठन गरेको भोलिपल्टै वार्ता भएको हो । पहिलो चरणको वार्तापछि सरकारी वार्ता टोलीका संयोजक समेत रहेका गृहमन्त्री रामबहादुर थापाले नेत्रविक्रम चन्द समूहसँगको वार्ता सकारात्मक दिशातर्फ अघि बढेको बताएका थिए । बुधबार बालुवाटारमा भएको सरकार र चन्द समूहबीचको पहिलो चरणको वार्तामा सैद्धान्तिक र प्राविधिक विषय सहमतिनजिक पुगेको पनि गृहमन्त्री थापाले जानकारी दिएका थिए ।

चन्द समूहले मंगलबार प्रवक्ता विश्वकर्माको नेतृत्वमा दुई सदस्यीय वार्ता टोली सार्वजनिक गरेको थियो । चन्द समूहले जेलमा रहेका आफ्ना नेता-कार्यकर्ता रिहा र हतियारसम्बन्धी मुद्दा फिर्ता गर्नुपर्ने, पार्टीमाथिको प्रतिबन्ध फुकुवा हुनुपर्नेलगायत सर्त अघि सारेको थियो । सरकारले पनि गृहमन्त्री थापाको संयोजकत्वमा दुई सदस्यीय समिति सार्वजनिक गरेको थियो । मंगलबार सरकारका प्रवक्तासमेत रहेका सञ्चारमन्त्री पार्वत गुरुङले चन्द समूहले पनि वार्ता टोली गठन गरे चाँडै वार्ता हुने बताएका थिए । उनले हतियार मुद्दालगायत विषय वार्ताबाटै टुंगो लगाइने जानकारी दिएका थिए ।

## कांग्रेस...

अस्थिरतातर्फ धकेलिएको बताउँदै सभापति देउवाले संघीय गणतन्त्र जोगाउन कांग्रेसले आवश्यक भूमिका निर्वाह गर्ने स्पष्ट पारे। सनातन हिन्दु धर्मसहित सम्पूर्ण धर्म मान्ने समुदायको रक्षार्थ नेपाली कांग्रेस लागि परेको हुँदा नेपाललाई शान्ति एवं अहिंसाको मुलुक बनाउनेतर्फ सधैं आफनो भूमिका रहिरहने उनले बताए। सभापति शेरबहादुर देउवा नेकपा विभाजित भएको खण्डमा दुईमध्ये एक समूहसँग मिलेर सरकारको नेतृत्व गर्ने पक्षमा छन्। नेता रामचन्द्र पौडेल भने अहिले सरकारमा जान नहुने पक्षमा छन्। कांग्रेसको सहभागिताबिना नयाँ सरकार गठन नै नहुने अवस्थामा नेकपाको दाहाल-नेपाल समूहसँग मिलेर अघि बढ्नुपर्ने पक्षमा पौडेल र उनी निकटका नेताहरू देखिएका छन्।

कांग्रेसले सरकारको नेतृत्व गर्ने अवस्था आएमा संसदीय दलको नेतासमेत रहेका सभापति देउवा नै मुख्य दाबेदार हुनेछन्। मुलुकको कार्यकारी प्रमुखको भूमिकामा देउवा पुग्दा भदौमा हुने पार्टीको १४औं महाधिवेशनमा त्यसको प्रभाव पर्ने पौडेल पक्षधरको बुझाइ छ। त्यस्तो अवस्थामा देउवालाई पार्टी नेतृत्वबाट विस्थापन गर्न अझै कठिन हुने ठम्याइ उनीहरूको छ। त्यसैले पौडेलसहितका नेताले जनताले पाँच वर्ष कांग्रेसलाई विपक्षमा बस्न जनमत दिएको बताउँदै आएका छन्। उनीहरू सरकारमा जानैपर्ने अवस्थामा नेतृत्व लिने होइन, मन्त्रीहरू मात्र पठाउने रणनीतिमा छन्। सभापति देउवा नेकपा कानुनी रूपमै विभाजित भए सरकारकै नेतृत्व लिने पक्षमा छन्। तर अन्य दलको नेतृत्वमा सरकारमा सहभागी नहुने बरु फेरि पनि निर्वाचनमै जाने सोचमा देउवा रहेको उनी निकटका नेताहरू बताउँछन्। सत्ताको नेतृत्व गरेर महाधिवेशनमा जाँदा पार्टी नेतृत्वमा पुग्न सहज हुने देउवाको बुझाइ छ।

त्यही कुरा बुधबार चितवनमा आयोजित एक कार्यक्रममा सभापति देउवा र नेता पौडेलले प्रकट गरेका छन् । पूर्वसांसद एकनाथ रानाभाटको श्रद्धाञ्जली सभामा सहभागी हुन त्यहाँ पुगेका देउवा र पौडेलले नयाँ सरकार गठन र सहभागिताबारे आपसमा फरक मत राखेका छन्। महामन्त्री शशांक कोइरालाले उक्त विषयमा खासै प्रवेश नगरे पनि देउवा र पौडेल स्पष्ट दुई धारमा देखिए। प्रधानमन्त्री पदको लोभ नभएको बताउँदै कांग्रेस सभापति देउवाले जिम्मेवारी सम्हाल्नुपर्ने अवस्था आए पछि नहट्ने बताए । अन्य राजनीतिक दलको मान्छेभन्दा आफ्नै पार्टीको प्रधानमन्त्री हुँदा कांग्रेसका सबै नेता तथा कार्यकर्तालाई खुसी नै लाग्ने देउवाको तर्क थियो। तर कांग्रेसका अर्का नेता रामचन्द्र पौडेलले भने जनताले कांग्रेसलाई विपक्षमा बस्ने जिम्मेवारी दिएको छ, हामीले त्यही भूमिका निर्वाह गर्नुपर्छ भनेका छन् । आफ्नो औकात र हैसियतभन्दा बढी आकांक्षा राख्नु महत्वाकांक्षा हुने पौडेलले बताए ।

नेपाली कांग्रेसका केन्द्रीय सदस्य गगन थापाले कम्युनिस्ट जुटे पनि फुटे पनि चाँडो निस्कर्ष आउनुपर्ने बताएका छन् । कम्युनिस्टकै कारण देशलाई बन्धक बनाउन नसकिने भन्दै उनले कम्युनिस्ट पार्टीले जतिसक्दो चाँडो झगडा मिलाएर देशलाई निकास दिनुपर्ने बताए । कांग्रेस तीनपाटन गतिद्वारा आयोजित विशाल आमसभालाई सम्बोधन गर्दै पूर्वमन्त्रीसमेत रहेका थापाले पाँच वर्ष कांग्रेसलाई जनताले सरकारमा बस्ने म्यान्डेड नदिएको बताए।उनले प्रतिपक्षमा बसेको कांग्रेस प्रतिपक्षमै बस्ने देशलाई निकास दिन सक्नेगरी मात्रै कांग्रेस अगाडि बढ्ने बताए। डा. शशांक कोइरालाले निर्वाचन गराउने गरी कांग्रेस सरकारमा जानुपर्ने बताएका छन् । कांग्रेस सरकारमा नगई पनि नेकपा विभाजन हुन्छ भने सरकारमा जानुको अर्थ नहुने उनको भनाइ थियो ।

## मालेद्वारा...

सहमति भएको कुरा सार्वजनिक भएको छ । हिंसाको राजनीतिक गतिविधि छाडेर शान्तिपूर्ण राजनीतिक गतिविधिमा आउनु स्वागतयोग्य छ । नेकपा (माले) दुवै पक्षको वार्ताद्वारा गरिएको सहमतिको विवरण चाँडै सार्वजनिक हुने बिषयवारे प्रतिक्षारत रहेको छ ।

मिति २०७७ फागुन १८ गते मंगलबारका दिन ताप्लेजुङ जिल्लाको मेरिङदेन गाउँपालिकाको दोभान बजारमा एक्कासी आगलागी हुँदा त्यहाँस्थित ४९ घर जल्नुका साथै ५५ घरपरिवार बिस्थापित हुन पुगेका छन् । पसलमा रहेका अरबौं बराबरका मालसामान जलेर नष्ट भएका छन् । नेकपा (माले) उक्त घटनाप्रति गहिरो दुःख व्यक्त गर्दै पीडित ब्यवसायी तथा परिवारहरूलाई सरकारले तत्काल उचित राहत तथा क्षतिपूर्तिको ब्यवस्था गरोस् भन्ने माग गर्दछ ।

## ३३ महिनामा...

रायका लागि सरकारी वकिल कार्यालयमा पठाएको छ । राजस्व अपचलनतर्फको मुद्दामध्ये मूल्य अभिवृद्धि कर (भ्याट) छली गरेको अभियोगमा १९ अर्बभन्दा बढीको एक ६० वटा मुद्दा चलाएको छ । आर्थिक सुशासन कायम गर्न राजस्व चुहावट नियन्त्रण एवं विदेशी विनिमय अपचलन नियन्त्रणका कसुरमा अनुसन्धानमा विभागले बलियो उपस्थिति देखाएको छ । राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ समयानुकूल परिमार्जन गरी अनुसन्धान ,अभियोजन र न्याय निरूपण प्रभावकारी बनाउने प्रयास भएको उनको दाबी छ । अनुसन्धानलाई सूचना, प्रमाण, प्रविधि र ज्ञानमा आधारित बनाउने पद्धति अवलम्बन गरी राजस्व चुहावट नियन्त्रणका सुधारका प्रयासले सार्थकता पाएको मैनालीको दाबी छ ।

## आयातमा भन्दा...

घाटामा शून्य दशमलव ६६ प्रतिशतले सुधार भएको छ । वैदेशिक व्यापारमा आयातको हिस्सा ९२ र निर्यातको हिस्सा ८ प्रतिशत छ । हिस्सागत रूपमा हेर्दा आयातको हिस्सा मात्र ०.५७ प्रतिशतले घटेको छ ।

भन्सार विभागका अनुसार सात महिनाको अन्तरालमा ७ खर्ब ३३ अर्ब ७२ करोड ६१ लाख १२ हजार रुपैयाँबराबरको व्यापार घाटा भएको छ । सात महिनामा ८ खर्ब ७३ अर्ब ५७ करोडबराबरको वैदेशिक व्यापार भएको थियो । गत वर्ष सात महिनामा व्यापार घाटा ७ खर्ब ३८ अर्ब ६३ करोड थियो ।